मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218



नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily



खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर



● वर्ष २ ● अंक ५८ ● २०८० साल माघ ०१ गते सोमबार ● Monday 15, January 2024 ● सूर्योदय: बिहान ६:५६ बजे ● सूर्यास्त: साँझ ५:३३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


## सीमावर्ती क्षेत्रको समस्या हल गर्न छलफल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका उद्योगी व्यवसायीले सीमावर्ती क्षेत्रका विविध समस्याबार भारतीय प्रशासनसँग छलफल तथा अन्तरक्रिया गरेको छ । भारत, बिहारको पूर्वी चम्पारण रक्सौलकी एसडिओ शिवाक्षी दीक्षितसँग सिमाक्षेत्रका समस्याबारे छलफल भएको हो ।
वीरगंजज उद्योग वाणिज्य संघका अध्यक्ष अनिल कुमार अग्रवाल नेतृत्वको टोलीले अवैध व्यापार, नाकाको सुरक्षा व्यवस्था, ट्राफिक जामलगायतका बारे दीक्षितसँग छलफल गरेको हो ।
ट्राफिक अवस्था, सर्वसाधारण नागरिकले आवतजावतक्रममा भोग्नुपरेको समस्या, रेलको समयलगायतका समस्याबारेमा अवगत गराइएको थियो । त्यस्तै, खुला नाकालाई सदुपयोग र व्यवस्थित गर्दै ह्याप्पी बोर्डरको अवधारणालाई अघि बढाउन नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य डा. सुबोध कुमार गुप्ताले आग्रह गरे ।
वीरगंजका व्यवसायीले राखेका समस्या र मुद्दाबारे रक्सौलकी एसडिओ दीक्षितले दुवै देशको सिमा क्षेत्रका नागरिकले समस्या भोगीरहेको हुँदा त्यसको समाधानमा प्रशासन जुटिरहेको जानकारी गराइन् । भेटघाट तथा छलफलमा संघका उपाध्यक्ष माधव राजपाललगायतको सहभागिता थियो ।

## सहकारीका अध्यक्षद्वारा पौने चार करोड हिनामिना

**एसपी गौरव**
**सर्लाही ।**
हरिवन नगरपालिका–९ स्थित सगुन शिक्षा सहकारी संस्था लिमिटेडको पौने चार करोड रुपैयाँ रकम अनियमितता भएको छानबिन तथा सुझाव समितिले निष्कर्ष निकालेको छ ।
श्यामबाबु कार्कीको संयोजकत्वमा गठन भएको तीन सदस्यीय छानबिन तथा सुझाव समितिले सहकारी संस्थाको तीन करोड ७५ लाख ९५ हजार नौ सय नौ रुपैयाँ २३ पैसा अनियमितता भएको र अध्यक्ष बाबुराम घिमिरेबाट असुलउपर गर्नुपर्ने निष्कर्ष निकालेको हो ।
सहकारीको २०७९ पुस ३० गते भएको नवौँ वार्षिक साधारण सभामा लेखापरीक्षण प्रतिवेदनका सम्बन्धमा विवाद भएपछि कार्कीको संयोजकत्वमा रामहरि निरौला र उद्धव प्रसाद पौडेल सदस्य रहने गरी तीन सदस्यीय छानबिन समिति गठन भएको थियो ।
समितिले सहकारीको एकै लेखापरीक्षकको दुईवटा लेखापरीक्षण प्रतिवेदन आएपछि सहकारीका रकम अध्यक्ष घिमिरेले अनियमितता गर्ने र अनियमितता भएका कुरा




लुकाउने प्रयास गरेका भन्दै सहकारीका लेखापाल एवम् व्यवस्थापक प्रदीप थापाको लिखित बयानसमेत लिएको थियो । उनले दिएको लिखित बयानमा सहकारीको दुई वटा लेखा परीक्षण गराएकामा आफू जिम्मेवार नभएको बताएको छानबिन तथा सुझाव समितिले जनाएको छ ।
समितिका अनुसार, छुट्टाछुट्टै लेखा परीक्षण प्रतिवेदन तयार पार्न लगाई शेयर सदस्य एवम संस्था हितविपरित रही आर्थिक हिनामिना मसौट गर्ने नियत राखी नगद तरलता लुकाएको साथै संस्थालाई ऋणको भारमा पारी सहकारी तथा विद्यालयतर्फको नगद तरलता मसौट गरेको पाइएको हो । शंकर प्रसाद साहसँग बरहथवा सनफ्लावर इंग्लिस आवासीय विद्यालय खरिद गर्दा देखाइएको खर्च शंकास्पद रहेको, सबैलेखा परीक्षण प्रतिवेदन मेल नखाएको, लेखा परीक्षण त्रुटिपूर्ण गराइएको, नगद तरलता नदेखाएको र लेखा कम्प्युटरबाट समेत हिसाब हटाई लेखापरीक्षण गराइएको पाइएको समितिका संयोजक कार्कीले जानकारी दिए ।
उनका अनुसार, सञ्चालक समिति र विस्तारित बैठकमा समेत पास नगरी नवौँ साधारण सभामा लेखापरीक्षण प्रतिवेदन पास गराउन खोज्नु र पास गराइएका लेखा परीक्षण प्रतिवेदन संस्था र शेयर सदस्यको हितविपरीत भएको साथै सम्पूर्ण क्रियाकलापको जिम्मेवारी सहकारीका अध्यक्ष घिमिरेकै हुने र सहकारी सञ्चालक अध्यक्षका रुपमा रहेको जिम्मेवारी पाए (आर्थिक वर्ष २०७१–७२ )देखि कै लेखा परीक्षण झुठो भएको पाइएको हो । नगद तरलता हुँदाहुँदै रकम मसौट गरी विनाआधार पेश्की वा खर्च नलेखी विभिन्न मितिमा चेकबाट ५९ लाख २८ हजार पाँच सय सहकारीका अध्यक्ष घिमिरे, टंकबहादुर बस्नेत र गोकुल नामका मानिसको नामबाट निकालेको पाइएको समितिका सदस्य निरौलाले जानकारी दिए ।
‘लेखा व्यवस्थापन शतप्रतिशत नभएको, लेखा परीक्षण गराउँदा संस्थामै बसेर हिसाब भिडाइ परीक्षण गर्नुपर्नेमा आर्थिक वर्ष २०७८–७९ सम्म नगरेको, त्रुटीपूर्ण रहेको कारण नगद तरलता फालेको अवस्था सिर्जना भएको, चेक वा नगदबाट रकम दिनुपर्ने कारणसहित प्रविष्टि तयार पार्नुपर्नेमा नगरी भुक्तानी दिएको र पेश्की पनि नजनाएको साथै फर्छ्यौट पनि नगरेको, भवन निर्माण

बाँकी पृष्ठ २ मा

## न्यायाधीश पत्नीद्वारा अदालतअगाडि आत्मदाहको प्रयास !

**मधेशदृष्टि**
**काठमाडौँ ।**
सर्वोच्च अदालतको गेट अगाडि न्यायाधीशपत्नीले मट्टीतेल छर्किएर आत्मदाहको प्रयास गरेकी छन् ।
न्यायाधीश भुवन गिरीकी पत्नी आरती रावलले आइतबार मध्यान्ह सर्वोच्चको गेट अगाडि पुगेर आत्मदाहको प्रयास गरेकी हुन् ।
रावललेले आत्मदाह गर्न खोजेपछि प्रहरीले नियन्त्रणमा लिएर अस्पताल पु¥याएको छ । उनको वीर अस्पतालमा उपचार भइरहेको छ ।






शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

लहान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लहान, सिरहा, मधेश प्रदेश





माघी पर्वको हार्दिक शुभकामना

आदिवासी थारु समुदायको महान पर्व माघी (खिचडी) पर्व तथा थारु समुदायको नयाँ वर्ष थारु सम्वतः २६४८ को पावन अवसरमा तमाम थारु समुदायमा सुख, शान्ति, समृद्धिको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछौँ । आदिवासी थारु समुदायको राजनीतिक, सांस्कृतिक, सामाजिक पहिचानसँगै जनसङ्ख्याका आधारमा पूर्ण समानुपातिक समावेशी प्रतिनिधित्वका लागि मधेश सरकार सदैव प्रतिवद्ध रहेको जानकारी गराउदछौँ । साथै, माघे संक्रान्ति पर्वका अवसरमा सम्पूर्ण मधेश प्रदेशका नागरिकमा हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।



मा. सरोजकुमार यादव
मुख्यमन्त्री
मधेश प्रदेश

# शितलहरले तराई मधेशमा जनजीवन प्रभावित

**मधेशदृष्टि**
**वीरगंज ।**
विगत केही दिनदेखि तराई मधेशका जिल्लामा शितलहर चलेर बाक्लो कुहिरो लाग्न थालेपछि अत्यधिक चिसो बढेको छ । मधेश प्रदेशको बारा, पर्सा, रौतहटसहित आठ वटै जिल्लामा अत्याधिक जाडो तथा चिसोको कारण जनजीवन प्रभावित भएको छ । शितलहरका कारणले बालबालिका, वृद्धवृद्धा, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा मजदुर वर्ग बढी मात्रामा प्रभावित बनेका छन् । चिसोका कारणले दम तथा रुघाखोकीका बिरामीको सङ्ख्या बढेको छ । उपचारका लागि स्वास्थ्य संस्था आउने सङ्ख्यामा समेत वृद्धि भएको अस्पतालहरुले जनाएका छन् । अत्याधिक चिसो बढेसँगै बालबालिकामा रुघाखोकी, निमोनियाजस्ता स्वास्थ्य समस्या अत्यधिक मात्रामा देखिन थालेका छन् । यसैबीच जाडो बढ्दै गएपछि वीरगंज महानगरपालिकाले आइतबार पनि नगर क्षेत्रको ३३ स्थानमा आगो बालेको छ । बटुवा तथा यात्रुहरुलाई जाडोबाट बचाउन वीरगंजको श्रीरामहल चोक, गौरिया चोक, नारायणी अस्पताल, मालपोत, विर्ता बजार चोक, माईस्थान, घण्टाघर चोक, पुरानोबसपार्क, नयाँ बसपार्क, मुर्ली चोक, राधेमाई चोक, गणेशमान चोक, गण्डक चोक, ६ नम्बर गेट चोक, ओम साई जाने चोक, बहीपुल चोक, बजार छपकैया लगायतका २७ स्थानमा नगर प्रहरी तथा सरसफाई कर्मचारी परिचालन गरी आगो बालिएको वीरगंज महानगरपालिकाका सरसफाई अधिकृत सरफुद्दिन मियाँले जानकारी दिए ।

# घुर ताप्ने क्रममा आगोले ज्यान लियो

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीमा घुर ताप्ने क्रममा आगोले जलेर एक जनाको ज्यान गएको छ । सप्तरीको तिरहुत गाउँपालिका वडा नम्बर ५ मुसहरी टोलकी ३५ वर्षीया सोनिलादेवी सदाको आगोले जलेर ज्यान गएको हो । लुगामा आगो सल्किएपछि घाइते भएकी सदाको राजविराजमा रहेको गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारका क्रममा ज्यान गएको हो । तराई मधेश पछिल्लो केही दिन यता बढ्दै गएको चिसोका कारण मानिसहरुले चोकचोकमा आगो बालेर ताप्ने गरेका छन् । यस्तो अवस्थामा आगलागी समेत हुन सक्ने जोखिम रहेकाले सतर्कता अप्नाउनुपर्ने देखिन्छ ।

# काठसहित पिकअप गाडी नियन्त्रणमा

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीबाट सशस्त्र प्रहरीले १२ लाख रुपैयाँ बराबरको काठसहित एक पिकअप गाडीलाई नियन्त्रणमा लिएको छ । आइतबार भारदहस्थित कोशी ब्यारेजबाट खटिएको सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा बेस क्याम्पको प्रहरी टोलीले काठसहित गाडी नियन्त्रणमा लिएको हो । पश्चिमबाट पूर्वतर्फ गइरहेको प्र२–०१–००१ च०२६० नम्बरको बोलेरो पिकअप गाडीलाई नियन्त्रणमा लिइएको सप्तरीस्थित सशस्त्र प्रहरी बल, नेपाल नं ६ गणका सूचना अधिकृत तथा सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज विष्टले जानकारी दिए । गाडीमा बिनाबिलविजक लोड गरिएको २६ दशमलव ६६ क्यूविक फिट काठ बरामद गरिएको र नियन्त्रणमा लिइएको काठ तथा सवारीसाधनलाई सव डिभिजन वन कार्यालयमा बुझाइएको उनको भनाइ थियो ।

# नेपाल र चीन विश्वासिला विकासका साझेदार हुन्ः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेपाल र चीन विश्वासिला विकासका साझेदार भएको बताएका छन् । चिनियाँ नयाँ वर्ष तथा वसन्तोत्सवका अवसरमा आइतबार आयोजित विशेष समारोहमा उनले शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलका सिद्धान्तका आधारमा दुई देशबीचको सम्बन्ध झाङ्गिँदै गएको बताए । प्रधानमन्त्रीले भने, ‘हामीले असल मित्रका रुपमा एकअर्काको संवेदनशीलतालाई नजिकबाट बुझेका छौँ । शान्तिपूर्ण सहअस्तित्व र पञ्चशीलका सिद्धान्तका आधारमा हाम्रो सम्बन्ध रहिआएको छ ।’ नेपाल एक चीन सिद्धान्तप्रति दृढ रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भने, ‘यस सम्बन्धमा हाम्रो प्रतिबद्धता स्पष्ट छ । आन्तरिक तथा बाह्य मामिलामा आएको बदलावबाट हाम्रो प्रतिबद्धता कुनै हालतमा प्रभावित हुँदैन ।’ संस्कृति र परम्पराले हामी एकापसमा बाँधिएका छौँ भन्दै प्रधानमन्त्रीले संस्कृति र परम्पराले नै दुई देशबीचको जनस्तरको सम्बन्धलाई सुदृढ तुल्याउने बताए । आफ्नो चीन भ्रमणका बेला जारी भएको संयुक्त वक्तव्य स्मरण गर्दै प्रधानमन्त्रीले भने, ‘ताइवान चीनकै अभिन्न अङ्ग हो । ‘ताइवान स्वतन्त्रता’का सम्बन्धमा नेपालको प्रस्ट दृष्टिकोण छ । मेरो चीन भ्रमणका क्रममा जारी संयुक्त वक्तव्यमा यसलाई प्रस्ट पारिएको छ ।’ उनले चीनविरुद्ध नेपाली भूमि प्रयोग हुन नदिने स्पष्ट पार्दै प्रधानमन्त्रीले दुई देशको सभ्यता नदी र हिमशृङ्खलाले मात्र जोडिएका छैनन्, यसमा हाम्रा साझा संस्कृति र जनस्तरको सम्बन्ध पनि प्रमुख रहेको बताए । आफूले हालै गरेको चीनको औपचारिक भ्रमणका क्रममा चिनियाँ राष्ट्रपति सी चीनफिङसँग भएको भेटवार्ताका क्रममा हाम्राबीचमा नेपाल–चीन सम्बन्धका विविध आयाममा छलफल भएको उनले स्मरण गरे । नेपालका लागि चीनका राजदूत छन् सङले चीन र नेपाल रणनीतिक साझेदार भएका बताउँदै ‘बेल्ट एण्ड रोड इनिसिएटिभ’ अन्तर्गत विकासमा साझेदारी गर्न चीन प्रतिबद्ध रहेको प्रधानमन्त्रीको भनाइ थियो ।

# यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकद्वारा सर्वोच्चमा रिट

**रासस**
**काठमाडौँ ।**
यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायले समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यका निकायमा आफूहरुलाई प्रतिनिधित्व गर्न पाउनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, कानुन मन्त्रालय, सङ्घीय संसद् र लोकसेवा आयोगलाई विपक्षी बनाई मायाको पहिचान नेपालका सचिव सुरेन्द्र पाण्डेसहित चारजनाले दायर गरेको रिट निवेदनमा संविधानले दिएको व्यवस्थाअनुसार राज्यका निकायका आफूहरुलाई प्रतिनिधित्व गर्नुपर्ने माग गरिएको छ । नेपालको संविधानको धारा ४२ मा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई समानुपातिक समावेशी सिद्धान्तअनुसार राज्यका निकायमा प्रतिनिधित्वको हक हुने व्यवस्था छ ।

निजामती सेवामा समावेश हुन पाउने व्यवस्थाका लागि कानुनमा संशोधन वा परिमार्जन वा थपघट गर्नका लागि परमादेश आदेश माग गर्दै रिटमा भनिएको छ, ‘लोकसेवा आयोगबाट भई आएका र हुने गरेका राज्यका विभिन्न निकायको निजामती सेवाको पदपूर्तिका लागि विज्ञापन प्रकाशनसम्बन्धी दरखास्त आह्वानले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको हकको सम्बोधन हुन सकेको छैन ।’ उक्त समुदायको अधिकारको हनन भई राज्यको रोजगारी प्राप्त गरी जीवन निर्वाह गर्ने, सम्मानपूर्ण जीवनयापन गर्न पाउने हकमा नै आघात पुगेको रिट निवेदनमा छ । उक्त समुदायको प्रतिनिधित्व गर्दै पहिलोपटक संविधानसभा सदस्य सुनिलबाबु पन्त हुनुभएको थियो । उक्त रिटमाथि आगामी माघ २ गते सुनुवाइ हुने भएको छ ।

# मुद्दा फैसलामा ढिलाइ हुँदा काठ धोत्रिदै

**रासस**
**महोत्तरी ।**
लामो समयदेखि वनक्षेत्रमा थाक लगाएर राखिएका बहुमूल्य काठ धोत्रिन थालेका छन् । न्यायिक निकायबाट समयमै मुद्दा किनारा नलाग्दा जिल्लाका वनक्षेत्रमा राखिएका काठ सड्न र धोत्रिन थालेका हुन् । वनक्षेत्रबाट चोरी तथा कटानका क्रममा वन सुरक्षाकर्मीले नियन्त्रणमा लिएका काठ न्यायिक निकायबाट मुद्दाको छिनोफानो नहुँदा लिलामी प्रक्रियामा जान नसकिएको डिभिजन वन कार्यालयले जनाएको छ ।
यसरी वनसम्बन्धी मुद्दा नछिनिँदा एकातर्फ बहुमूल्य काठ धोत्रिदै सड्न थालेका छन् भने सर्वसाधारणले काठ खरिद गर्न पाउनबाट वञ्चित भएका कार्यालयका प्रमुख सन्तोष झाले बताए । ‘हामीले घरायसी काम, बार तथा पर्खाल लगाउन स–साना हाँगाबिगा किन्न समेत पाएका छैनौँ, यहाँ सडेर बसेको छ’, बर्दिबास–२ का भोला महतोले भने, ‘समयमै बिक्री, लिलामी गरेमा काठ सदुपयोग हुने थियो । स्थानीयले आवशयकता अनुसार खरिद गर्न पाउने थिए ।’ वनसम्बद्ध मुद्दा हेर्ने न्यायिक निकायको ढिलाइले थाक लगाइएका काठ वर्षौंदेखि घामपानीले धोत्रिन थालेका उनको भनाइ थियो ।
चोरी कटान भएका काठ नियन्त्रणमा लिएपछि त्यसको प्रारम्भिक न्यायिक सुनवाइ जिल्लास्थित डिभिजन वन कार्यालय र जिल्ला अदालतमा हुने व्यवस्था छ । चोरी निकासीका क्रममा वा चोरी कटान गरी लुकाइछिपाइ राखिएका काठ सम्बन्धी मुद्दाका कारबाही अगाडि बढाउँदा दुई लाख रुपैयाँ बिगोभित्रका मुद्दा वन कार्यालयको इजलासले सुनुवाइ गर्ने व्यवस्था छ । दुई लाख रुपैयाँ भन्दा बढीका काठ बरामद भएका सोसम्बन्धी मुद्दा जिल्ला अदालतमा हुने कानुनी व्यवस्था रहेको कार्यालय प्रमुख झाले जानकारी दिए । प्रमुख झाका अनुसार नियन्त्रणमा लिई कारबाही तथा मुद्दा फछ्र्यौटका क्रममा रहेका काठ वन कार्यालयअन्तर्गत रहेको सशस्त्र वन सुरक्षा शाखा बर्दिबास–४ माइस्थान कार्यालय र यसक्षेत्रका चारवटा सव डिभिजन वन कार्यालय परिसरमा थाक लगाएर राखिएको छ । मुद्दा किनारा नलागी उक्त काठ बिक्री तथा लिलाम गर्न नपाइने व्यवस्थाका कारण राखिएको ठाउँमा नै धोत्रिदै गएका वनसम्बद्ध अधिकारीको भनाइ छ ।
मुद्दा किनारा नलागी काठ लिलाम तथा बिक्री गर्न कानुनी प्रक्रिया नपुग्दा बरामद गरी राखिएका काठ सड्न थालेका प्रमुख झाले बताए । उनका अनुसार अहिले करिब चार हजार क्यूबीफिट साखु र अन्य काठका गिड (गिण्डा) लिलामीका लागि अदालती निर्णयको पर्खाइमा छन् । लिलामीका लागि अदालती फैसला कुर्नु परेको भन्दै थन्काइएका काठको मूल्य एक करोड रुपैयाँसम्म पर्ने वन कार्यालयका कर्मचारीको भनाइ छ ।
‘चोरी कटानबाट नियन्त्रणमा लिइएका काठ लामो समयदेखि घामपानीले सड्ने र धोत्रिदै गएका छन’ झाले भने, ‘थाकमा रहेका काठको लिलामीका लागि अदालती फैसला कुर्नु पर्ने बाध्यात्मक कानुनी व्यवस्थाका कारण बिक्री गर्न सकिएको छैन ।’
डिभिजन वन कार्यालयमा विसं २०४८ यता हालसम्म दुई सय भन्दाबढी वन मुद्दा (काठ चोरी निकासी सम्बन्धी) रहेका डिभिजन प्रमुख झाको भनाइ थियो । उनका अनुसार यी मुद्दा दुई लाख रुपैयाँ बिगोभित्रका हुन् । यसबाहेक दुई लाख रुपैयाँ भन्दा बढी बिगोका मुद्दा जिल्ला अदालत महोत्तरीमा विचाराधीन रहेका कार्यालयले जनाएको छ । अदालतमा मुद्दाको अत्यधिक चापका साथै मुद्दा फैसला प्रक्रियामा पुग्न नसकेका (अभियुक्तमध्ये केही फरार रहेका, साक्षी वकपत्र हुन नसकेका) ले फैसलामा ढिलाइ भएको झाले जानकारी दिए । उनका अनुसार यसबाहेक पूर्व–पश्चिम रेल मार्ग र विद्युत् प्रसारण लाइन निर्माणका लागि कटान गरिएका काठमध्ये साखु बिक्री भए पनि साझेदारी वन उपभोक्ता समितिको जिम्मेवारीमा रहेका काठ अझै वनमा थाक लगाएर राखिएका छन् ।
पछिल्ला केही दिनयता जिल्लाका तीन साझेदारी वन उपभोक्ता समितिमा नयाँ नेतृत्व चयन भएका भन्दै यसअघि नेतृत्वको नहुँदा पनि काममा ढिलाइ भएको प्रमुख झाको भनाइ थियो । ‘समितिमा केहीदिनअघि मात्रै नयाँ निर्वाचित पदाधिकारीले जिम्मेवारी लिएका छन् । अब केही दिनभित्रै यसको टुङ्गो लाग्छ र डिभिजन कार्यालयले हेर्ने मुद्दाको छिनोफानो गर्ने प्रक्रिया अगाडि बढाउने छौँ’ उनले भने ।

# राष्ट्रियसभा निर्वाचनमा उम्मेदवारको खर्च सीमा निर्धारण

**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी माघ ११ गते हुन गइरहेको राष्ट्रियसभा सदस्य निर्वाचनका लागि उम्मेदवारहरुको खर्च सीमा तोकेको छ । निर्वाचन आयोगका अनुसार एक जना उम्मेदवारले साढे तीन लाख रुपैयाँसम्म खर्च गर्न पाउने छन् । निर्वाचनका उम्मेदवारले राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६५ तथा राष्ट्रियसभा सदस्य निर्वाचन नियमावली, २०७६ को नियम ४६ (१) सँग सम्बन्धित अनुसूची–१ बमोजिम तीन लाख पचास हजार रुपैयाँसम्म खर्च गर्न पाउने व्यवस्था गरिएको छ । आयोगले आइतबार निर्वाचनमा उम्मेदवारले खर्च गर्न पाउने खर्चको सीमा तोकेको हो । उक्त खर्च मतदाता नामावली खरिद, सवारीसाधन तथा इन्धन, प्रचारप्रसार सामग्री, ढुवानी, गोष्ठी, अन्तरक्रिया, कार्यालय सञ्चालन, प्रतिनिधि परिचालन र विविध शीर्षकमा गर्न सकिने आयोगले जनाएको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौड्यालले आइतबार एक विज्ञप्ति जारी गर्दै उम्मेदवारले खर्च गर्दा बैंक वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट खर्च गर्न र यसरी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोकी निजको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउन निर्देश गरिएको जनाएको छ ।
निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६५ तथा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिम निर्वाचन परिणाम घोषणा भएको तीस दिनभित्र आयोग वा निर्वाचन कार्यालयमा पेस गर्नसमेत आयोगले सूचित गरेको छ । त्यस्तै, राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि मंगलबारदेखि आचारसंहिता लागू हुने जनाएको छ । निर्वाचन आयोगले माघ २ गतेदेखि १२ गतेसम्म आचारसंहिता जारी गर्ने निर्णय गरेको हो । यो अवधिमा कुनै सार्वजनिक स्रोत साधान र सम्पत्ति दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रयोग गर्न पाइने छैन । सरकारी वा सार्वजनिक संस्था वा शैक्षिक संस्था प्रयोग गरेर निर्वाचनसम्बन्धी भेला वा प्रचार गर्न पनि पाइने छैन । आचारसंहिताले कुनै दल वा उम्मेदवारको निर्वाचन चिह्न भएको सामग्री उत्पादन तथा प्रयोग गर्न समेत रोक लगाइएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचनलाई प्रभाव पार्ने विद्युतीय सामग्री सामाजिक सञ्जालमा प्रकाशित गर्न वा शेयर गर्न समेत हुँदैन । केन्द्र, प्रदेश र स्थानीय कार्यपालिकाका पदाधिकारीले निर्वाचन प्रचारप्रसारमा सहभागी हुँदा सरकारी स्रोत र साधान प्रयोग गर्न पाउने छैनन् । राष्ट्रिय सभाका १९ सिटका लागि ११ माघमा निर्वाचन हुँदैछ । राष्ट्रियसभाका १९ सदस्यीय पदका लागि माघ ११ गते सातै प्रदेशमा निर्वाचन हुँदैछ । निर्वाचनमा सातै प्रदेशबाट गरी ५१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

# आफ्ना उम्मेदवारलाई जिताउन सत्तासाझेदार दलको अपिल

**मधेशदृष्टि**
**वीरगंज ।**
सत्तासाझेदार दल आबद्ध राजनीतिक दलले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि तय भएका आफ्ना उम्मेदवारलाई विजयी बनाउन आह्वान गरेका छन् । सत्तासाझेदार दलकातर्फबाट आइतबार एक अपिल सार्वजनिक गर्दै राष्ट्रियसभाको निर्वाचनका लागि प्रस्तुत उम्मेदवार सबैका साझा भएको उल्लेख गरिएको छ । ‘नेपालको संविधानको रक्षा र लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरणका लागि हामीले यो राजनीतिक गठबन्धन निर्माण गरेका हौँ’, अपिलमा अगाडि भनिएको छ, ‘देशमा दिगो शान्ति, सुशासन, विकास, समृद्धि र सामाजिक न्याया प्राप्त गर्ने हाम्रो साझा लक्ष्य हो ।’ अपिलमा ‘देशको उन्नतिका लागि राजनीतिक स्थिरता पूर्वशर्त भएको स्पष्ट पार्दै लोकतान्त्रिक गणतान्त्रिक प्रणालीको सुदृढीकरण, राजनीतिक स्थिरता, दिगो शान्ति, सुशासन र समृद्धिका लागि गठबन्धन प्रतिबद्ध रहेको र निष्ठापूर्वक क्रियाशील रहने प्रतिज्ञा गर्दछौँ’ उल्लेख गरिएको छ । निर्वाचनका क्रममा गठबन्धनलाई कमजोर गर्ने विभिन्न गतिविधि हुनसक्नेतर्फ सचेत गराउँदै अपिलमा भनिएको छ, ‘यो निर्वाचन गठबन्धनलाई अझ सङ्गठित र बलियो बनाउँदै देशमा राजनीतिक स्थायित्व थप सुनिश्चित गर्ने अवसर पनि हो । तसर्थ गठबन्धनका पक्षमा दृढतापूर्वक उभिन आवश्यक छ । हामी सम्पूर्ण मतदातालाई राष्ट्रियसभा निर्वाचनमा गठबन्धनका उम्मेदवारलाई मतदान गरी अत्यधिक मतले विजय गराउन अपिल गर्दछौँ।’
सत्तासाझेदार दलका कृष्णप्रसाद सिटौला, चम्फादेवी कार्की, आनन्दप्रसाद ढुङ्गाना, पूजा चौधरी विष्णुदेवी पुडासैनी, जीतजङ्ग बस्नेत, श्रीकृष्णप्रसाद अधिकारी र घनश्याम रिजाललाई उम्मेदवार बनाएको छ ।
त्यसैगरी मनरुपा शर्मा, किरणबाबु श्रेष्ठ, पदमबहादुर परियार, विष्णुकुमारी सापकोटा, झक्कुप्रसाद सुवेदी, कृष्णबहादुर रोकाया, सावित्री मल्ल, विष्णुबहादुर विश्वकर्मा, रेणु चन्द, बलदेव बोहोरा र नारायणदत्त भट्टलाई उम्मेदवार बनाएको छ ।
सत्तासाझेदारकातर्फबाट प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर र राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले हस्ताक्षर गर्दै गठबन्धनका उम्मेदवरालाई विजयी गराउन आग्रह गरेका हुन् ।

# सहकारीका अध्यक्षद्वारा...

गर्दा पार्टी वा व्यक्तिलाई दिइएको पेश्की रकम समयमै बिल भरपाई लिई पेश्की फर्छयौट गर्नु पर्नेमा नगरी पेश्की रकमको अनुमोदन निर्णय गराई अडिट रिपोर्टमा सम्पत्तिमा जोडी परीक्षण गरेको भेटिएको छ ।
यस्तै, पेश्की दिँदा लागतअनुमान नगरी बढी रकम भुक्तानी गरेको, भवन निर्माण उपसमिति संयोजक स्वयम् अध्यक्ष घिमिरे रहेर कमिटी निर्माण गरिएकामा सुरुमा जम्मा एक पटकमात्र बैठक बसेको साथै पेश्की दिएका रकमको प्राप्त बिल वा आवश्यक बिल मागेर हरहिसाब गरि फर्छयौट गर्ने निर्णयको सिफारिस सञ्चालक समितिलाई गरी समयमै पेश्की फछर्यौट गर्नु पर्नेमा नगरेको पाइएको समितिले निष्कर्ष निकालेको छ ।
त्यसैगरी, संस्थाको बैंक खातामा रकम जम्मा गरी आफ्नै बैंक खाताको रकम नियमानुसार भुक्तानी दिने व्यवस्था हुनु पर्नेमा नगरी सगुन बचत तथा ऋण सहकारी संस्था हरिवन नगरपालिका–११ सर्लाहीको आन्तरिक बैंक खाताबाट संस्थाको भवन निर्माणमा पार्टी वा व्यक्तिलाई चेक रकम भुक्तानी र पार्टीको आन्तरिक बचत खातामा जम्मा गरी सगुन सहकारीले संस्थालाई दिएको ऋण मानी पेश्की जनाएको पाइएको छ ।
संस्थाको दैनिक कारोबार भोल्टमा के कति रकम बैंकमा जम्मा भएको छ वा छैन भन्ने निगरानी नगरेको, बैंक खातामा रकम नभएको अवस्थामा करिब ५ महिनापछिको चेक दिने गरेको र ऋण लिने संस्थाले बैंकबाट ऋण पाउने संस्थाको खातामा प्राप्त ऋण जम्मा गरेर मात्र चेक रकम व्यक्तिलाई उपलब्ध गराउनु पर्नेमा नगरी ऋण दिने संस्थाले आफ्नो आन्तरिक खाताको चेक दिई आन्तरिक खातामा समेत पैसा जम्मा गरेको देखाई ऋण प्राप्त गर्ने संस्थाले चेक र भौचरको प्रतिलिपि राखी हिसाब मिलान गरेको पाइएको समितिले निष्कर्ष निकालेको छ ।
‘सञ्चालक समिति र विस्तारित बैठकमा समेत पास नगरी नवौँ साधारण सभामा लेखापरीक्षण प्रतिवेदन पास गराउन खोज्नु झनै संस्था र शेयर सदस्यको हितविपरीत भएको हुँदा सम्पूर्ण क्रियाकलापको जिम्मेवारी संस्थाको अध्यक्ष घिमिरे कै हुने हुँदा बेरुजु गरिएको रकम ६१ लाख ७८ हजार पाँच सय रुपैयाँ मात्रको बिगो बराबर ६१ लाख ७८ हजार पाँच सय नै थप गरी जम्मा एक करोड २३ लाख ५७ हजार रुपैयाँ मात्र अध्यक्ष घिमिरेबाट असुली उपर गर्नुपर्ने देखिएको समितिले निष्कर्ष निकालेको समितिका सदस्य पौडेलले जानकारी दिए ।
उनका अनुसार ‘सहकारीतर्फ ४३ लाख ८२ हजार पाँच सय ७१ रुपैयाँ २२ पैसा र विद्यालयतर्फ नगद तरलता दुई करोड ७० लाख ३४ हजार आठ सय ३८ रुपैयाँ एक पैसासँगै ६१ लाख ७८ हजार पाँच सय नै थप गरी तीन करोड ७५ लाख ९५ हजार नौ सय नौ रुपैयाँ २३ पैसा संस्थाका अध्यक्ष घिमिरेले अनियमितता गरेको समितिले जनाएको छ ।
साथै संस्थाको भवन निर्माणमा लागेको सामग्री के कति लागेको, सो को व्यवस्थित रेकर्ड नभएको साथै भवन निर्माण सम्पन्नपश्चात् नियमानुसार प्राविधिक मूल्यांकनसमेत नभएकाले यकिन थाहा पाउन प्राविधिक मूल्यांकन र लागत इष्टिमेट गराउनुपर्ने समितिले निष्कर्ष निकालेको छ । पेश्की व्यक्ति वा पार्टीलाई दिइएको रकममा प्राप्त भएको बिल रकमको लागत यकिन गरी नियमानुसार पेश्की फर्छयौट गर्नुपर्ने, बिल प्राप्त नभएका व्यक्ति वा पार्टीको हकमा नियमानुसार असुली उपर वा पेश्की फर्छ्यौट गर्नुपर्ने, नगद तरलता सम्बन्धमा यथोचित छुटेका बिल भर्पाई भए पछि पनि रकम थपघट गर्न सकिने मौकाबाट वञ्चित नगर्ने र समयावधि बढीमा साधारण सभा भएको मितिले तीन महिनाभित्र सञ्चालक समितिमा पेश गरी फरफारक गर्न पाउने मौका दिने र समयमा फरफारक नगरे नियमानुसार माथि उल्लेखित रकम निजको घरघरानाबाट समेत असुल उपर गर्न सिफारिस साथ अनुमोदनका लागि समितिले अनुरोध गरेको छ ।
यता, करिब तीन हजार शेयर सदस्यले जम्मा गरेको रकमको हिसाबकिताब पादर्शी नराखेको, निर्णय एकातिर काम अर्कोतिर गरेको, दुई वटा सहकारी र एउटा विद्यालय गरी तीनवटै निकायको खाता सञ्चालकमा अध्यक्ष घिमिरे नै बसेका र उनकै नाममा खाता सञ्चालन गरेकोलगायतका समस्या रहेको समितिका संयोजक कार्कीले बताए ।

हामी संस्कृति जोगाउन चाहन्छौं भने
निरन्तर यसलाई मान्दै जानु पर्छ ।
-जोहन हुइजिंगा

## सम्पादकीय

# मन्त्रालयमा बेरुजु

मधेश प्रदेश सरकारको बेरुजुको तग्थ्यांक बाहिर आएको छ । यो तथ्यांकमा अहिलेसम्म अंक मात्रै आएको थियो । कुन मन्त्रालयको कति बेरुजु भन्ने तथ्य बाहिर ल्याइएपछि यसले धेरै प्रतिक्रिया प्राप्त भएका छन् । मधेश सरकारमा मुख्यमन्त्री कार्यालयसँगै सामाजिक विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय, उद्योग, वन, पर्यटन मन्त्रालयमा पनि लगातार बेरुजु बढिरहेको छ । यो बेरुजुमा कर्मचारीका भागमा पनि राम्रो हिसाब परेको छ । स्थानीय तहको बेरुजुमा कर्मचारीको सहभागितासँगै मन्त्रालयका कर्मचारीको पनि बेरुजु करोडौँ देखिएको छ । मन्त्रालयहरुले बढ्दो बेरुजु घटाउने गफ मात्रै गरेका छन् । बेरुजु घटेको छैन । यसको प्रमुख कारण हो, आर्थिक वर्षको सात महिनासम्म बजेट कार्यान्वयन भएन भन्ने हो । फागुन, चैत, वैशाख, जेठमा बजेट सकाउने काम हुन सक्दैन । अनि असार मसान्तमा हतारोमा बजेट छर्ने रोगले मधेश सरकार अझ ग्रस्त छ । यसको नतिजा विकासमा भन्दा बेरुजुमा बढी हुने गरेको छ ।

मधेश सरकारको बेरुजु  ६ अर्ब ७६ करोड २२ लाख २७ हजार रुपैयाँ देखिएको छ । यसमा अद्यावधिक बेरुजु १ अर्ब १६ करोड ३३ लाख ९ हजार रुपैयाँ देखिएको छ । सरकारी कार्यालयको बेरुजु ८० करोड ६८ लाख ५ हजार रुपैयाँ छ भने अन्य संस्थाको बेरुजु ३५ करोड ६५ लाख ४ हजार रुपैयाँ देखिएको छ । यस्तै, १९ करोड ३२लाख ४२ हजार रुपैयाँ पेश्की बाँकी छ । सरकारी कार्यालय पेश्की नै १८ करोड ९९ लाख ६४ हजार रुपैयाँ छ भने समिति तथा अन्य संस्थाका नाममा रहेको पेश्की ३२ लाख ७८ हजार रुपैयाँ छ । यस्तै, कर्मचारीले लगेको पेश्की ३ करोड ३१ लाख ७७ हजार रुपैयाँ पुगेको छ । सरकारी कर्मचारीले लगेको पेश्की विवरणमा २ करोड ९८ लाख ९९ हजार रुपैयाँ देखिएको छ । समिति तथा अन्य संस्थाका कर्मचारीले लगेको पेश्की ३२ लाख ७८ हजार रुपैयाँ देखिएको छ । मोबिलाइजेशन पेश्कीका नाममा पनि ४ करोड ७४ लाख ८० हजार रुपैयाँ बेरुजु छ । अन्य पेश्की भनेर फेरि ११ करोड २५ लाख ८५ हजार  रुपैयाँ बेरुजु छ । असुल गर्नुपर्ने रकम नै सरकारी कार्यालयमा ८ करोड ३३ लाख ६७ हजार रुपैयाँ छ । समिति तथा संस्थाबाट १ करोड १९ लाख ६५ हजार रुपैयाँ देखिएको छ । सरकारी कार्यालयबाट भएको अनियमितता १ करोड ८४ लाख ७६ हजार रुपैयाँ छ । समिति तथा संस्थाबाट २ करोड ४९ लाख ८४ हजार रुपैयाँ छ ।

यसरी मधेश सरकारले आफ्नो बेरुजुको आँकडा बढाइरहँदा जनताले भ्रष्टाचार नै बढेको अनुमान र आशंका गरेका छन् । एकातिर प्रदेश सरकारबारे असन्तुष्टि बढिरहँदा गठबन्धनको सरकारले भने पुरानो बक्यौता असुलमा पनि चासो नदिने र छोटो समयमो नयाँ सरकारको बेरुजुको आँकडा पनि बढेको पाइएपछि स्वाभाविकरुपमा जनताले गर्ने अनुमान र आशंका नै हुने भयो । यसलाई घटाउँदै सुशासनका पक्षमा सरकार लाग्न सके पक्कै जनताले सुशासन अनुभूत गर्न पाउँथे कि ?

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# मिथिलामा तिलासंक्रान्ति



वीरेन्द्र रमण

मिथिलामा रहेक मौसमअनुसारले पर्व त्यौहार मनाउने चलन छ । यसको आफ्नो वैज्ञानिक महत्वसमेत रहने गर्छ । रहेक पर्व त्यौहारको आफनै विशिष्ठ महत्व छ । मिथिलामा खानपानसमेत मौसमअनुसार नै हुने गर्छ । यिनै महत्वपूर्ण पर्वमध्ये एउटा हो तिलासंक्रान्ति । जसलाई माघेसंक्रान्तिसमेत भन्ने गरिन्छ । मिथिलामा मकरसंक्रान्तिको महत्व छ । यस दिन सूर्य मकर राशिमा प्रवेश गर्दछ । सूर्यको परिक्रमाका कारण हुने भिन्नतालाई पूर्ति गर्न मकर संक्रान्तिका दिन प्रत्येक दिन लामो र राति छोटो हुँदै जाने विश्वास छ । खास गरेर जाडोको समयमा सूर्य चाँडै अस्त



हुने गर्छ भने रातसमेत बढ्ने गर्छ । तर विस्तारै संक्रान्तिसँगै दिन लामो हुने गरेको ज्योतिषशास्त्रको कथन  छ । यसदिन शङ्करासुर राक्षसलाई मारेको कथा प्रचलित छ । यस दिनबाट सूर्यको उत्तरायण सुरु हुन्छ । ज्योतिषीय दृष्टिकोणमा सूर्यले धनु राशिबाट मकर राशिमा सङ्क्रमण गरेको दिन भएकाले यस दिनको नाम मकर सङ्क्रान्ति रहन गएको हो । सूर्यको उदयबिन्दु दक्षिणतर्फबाट उत्तरतर्फ सर्ने भएकाले यस दिनबाट उत्तरायण सुरू हुन्छ भन्ने मान्यता छ ।

माघ महिनाको आरम्भ अर्थात सूर्य मकर राशिमा प्रवेश गर्ने दिनलाई मकर संक्रान्ति भनिन्छ । यस दिनदेखि उत्तरायण प्रारम्भ हुन्छ । यसको गति यस दिनदेखि उत्तराभिमुख हुने भएकाले यसलाई  उत्तरायण भनिएको हो । यसै दिन महिनाको खरमासको अवधि समाप्त हुन्छ एवम् यस अवधिमा रोकिएको शुभ कार्य गर्न आरम्भ गरिन्छ ।

उत्तरायणको अवधिमा तुलनात्मकरूपमा दिन लामो र तापक्रममा बृद्धि भई गर्मी मौसम प्रारम्भ हुने गर्दछ । त्यसैले पनि यस दिनको छुट्टै खगोलीय महत्व छ । माघे सङ्क्रान्तिका दिन विशेष गरी वनतरुल, सक्खरखन्ड(सुठुनी), खुँदो, चिउरा, घिउ, चाकु र विभिन्न परिकार तयार पारेर खाने गरिन्छ । यसदिन तिलको होम र दान गर्नाले वा खानाले अथवा प्रयोग गर्नाले त्यो व्यक्ति कहिल्यै असफल हुँदैन भन्ने धार्मिक विश्वास छ । यस दिन नदीका दोभानमा गई शुद्ध भई सिधा दान गर्नाले पुण्य प्राप्त भई रोगव्याधिबाट मुक्त भइने जनविश्वास छ । धार्मिक दृष्टिले मात्र होइन, वैज्ञानिक तबरबाट पनि माघे सङ्क्रान्तिलाई उत्तिकै महत्वपूर्ण मानिएको छ । धार्मिकरूपले यस दिन कुनै मानिसले घर, आँगन र आफ्नो शरीर शुद्ध बनाउन सकेन भने सात जन्मसम्म पनि ऊ निर्धन र रोगी हुन्छ भन्ने मान्यता छ, त्यस्तै वैज्ञानिक दृष्टिकोणले हेर्दा पनि यस पर्वमा परम्परा र संस्कार जीवन्त तुल्याउन गरिने सम्पूर्ण कार्यबाट मानिसको सरसफाइ हुने, मौसमअनुरूपका पोषक चिजबीज खाइने तथा निरोगी भइने हुनाले यो सकारात्मक नै देखिन्छ ।



कर्कट संक्रान्तिदेखि मकर संक्रान्तिसम्मको अवधिलाई दक्षिणायन भनिन्छ । उत्तरायणमा मर्ने व्यक्तिको भन्दा दक्षिणायनमा मृत्यु हुनेको दक्षिण (यम) संसारमा जाने सम्भावना बढी हुन्छ । ‘मकर संक्रान्तिमा सूर्योदयदेखि सूर्यास्तसम्मको शुभ अवधि रहन्छ । यस अवधिमा तीर्थ स्नानको विशेष महत्व छ । गंगा, यमुना, गोदावरी, कृष्णा र कावेरी नदीको किनारमा अवस्थित क्षेत्रमा स्नान गर्ने व्यक्तिले ठूलो पुण्य प्राप्त गर्छ । मकर संक्रान्तिदेखि रथसप्तमीसम्मको अवधि चाडपर्व हो । यस पर्वमा गरेको दान र शुभकर्म विशेष फलदायी हुन्छ । धर्मशास्त्रअनुसार यस दिन दान, जप र धार्मिक अनुष्ठानको ठूलो महत्व छ । यस दिन दिएको दान पुनर्जन्मपछि सय गुणा प्राप्त हुन्छ भन्ने जनविश्वास छ ।

आफ्नो क्षमताअनुसार नयाँ भाँडा, लुगा, खाना, तिल, तेल, गुड़, गाई, घोडा, सुन वा भाँडाकुँडा दान  शास्त्रीय मान्यता छ । यस दिन विवाहित महिलाले रक्तदान गर्छन् । कुमारीलाई केही बस्तु दान गरेर तिलगुड लगाइदिन्छन् । विवाहित महिलाले बेसार र कुमकुम दान गर्ने कार्यलाई उपयन भनिन्छ ।

तिलासंक्रान्तिमा तिल खाने प्रचलन छ । यसले शरीरमा गर्मी ल्याउने गर्छ । खास गेर तिला र सक्खरबाट बनेको मिष्ठान खाने प्रचलन छ । यसको धार्मिक महत्वको साथै वैज्ञानिक महत्वसमेत रहेन गरेको छ । यस दिन शरीरमा तिलको तेल र लेप लगाउने, तिलवाड मिसाएको पानीले नुहाउने, तिलवाड मिसाएको पानी पिउने, तिलहोम गर्ने, तिलवाड दान गर्ने, तिलका प्रयोग गर्नेको सबै पाप  नष्ट हुने धार्मिक विश्वास छ । जाडो महिनामा पर्ने मकर संक्रान्तिमा तिल खानु फाइदाजनक हुन्छ । तिलको दानामा सत्व लहर अवशोषित गर्ने क्षमता बढी हुन्छ । तसर्थ, तिलगुडाको सेवनले आत्मा शुद्ध हुन्छ र राम्रो साधनामा मदत गर्दछ । तिलगुरको दानाबीचको घर्षणका कारण सात्विकता आदानप्रदान हुन्छ । श्राद्धमा तिलको प्रयोग गर्नाले श्राद्धमा दानव आदिले बाधा उत्पन्न गर्दैनन् । मिथिलामा यस दिनमा गंगास्नानको निकै महत्व छ । महाभारतका अनुसार भीष्मले आजकै दिन मृत्यु रोजेका थिए भने भगिरथले गङ्गानदीलाई पृथ्वीमा अवतरण गराई सागरमा मिलाएका थिए ।

त्यसैले विशेष माघे सङ्क्रान्तिका दिन प्रयाग र गङ्गासागरमा गरिने स्नानलाई महास्नान भनिन्छ । तर त्यहा जान नसक्ने श्रद्धालु आफनो नजिकको तलाउमा नै गएर स्नान गर्छन् । यसले यसको महत्वलाई उजागर गर्ने गरेको छ । मिथिलामा आफू भन्दा सानालाई तिल दिएर आफनो सन्तानलाई खान दिने गरेका छन् । कतिपय धर्मावलम्बीले बिहान नुहाएर भगवतीको उपासना गर्ने र कतिपयले भगवतीको प्रतिमासामु तेल, चामल, सख्खर आदि चढाएर आफूभन्दा कान्छो मानिसको हातमा दिने चलन छ । मिथिलामा कुनैपनि शुभ कार्यको संकल्प गर्दा तिललाई राख्ने गरिएको छ । यस दिन मातापिता वर्गले सन्तान वर्गलाई तिल गुडमिश्रित चामल दाहिने हत्केलामा तीन पटक राखिदिएर खान दिन्छन् । यस बखत मातापिता वर्गले तिलबहिदेब भनेर सोध्ने एवम् सन्तानवर्गले हं भनेर वचनवद्धता जाहेर गर्ने गर्छन् । यसको सामाजिक महत्व छ । अर्थात् समाज र आफ्नो श्रेष्ठ जनप्रतिको श्रद्धाको वचन लिने गरिएको छ । धार्मिक मान्यताअनुसार भगवान र भगवती दुवैलाई सम्मान र श्रद्धाका साथ पूजाआजा गरी भगवतीलाई सिन्दुर, चुरा र तिलको लड्डु चढाउने गरिन्छ भने भगवानलाई मिठाई, फलफूल र तिलको लड्डु अनिवार्य रूपमा चढाई खिचडीको भोग लगाइन्छ । यस पर्वमा खिचडी खाना अनिवार्य भएकाले यसलाई खिचडी पर्व पनि भनिन्छ । यो पर्वमा ब्राह्मण भोजनको पनि व्यवस्था गरिन्छ । ब्राह्मणलाई दान गर्न तिल तथा सक्खरबाट बनाइएको लड्डुको प्रयोग गरिन्छ । यस पर्वमा तिल तथा चिउराको प्रयोग अत्यधिक हुने भएकाले यसलाई तिलवाच्युरा पनि भन्ने चलन छ । यसबाहेक चामल, खिचडीका सामग्री जस्तै मासको दाल, अरवा चामल, नुन, बेसार, तरकारी, घिउ र दही दान गरिन्छ । कतिपय सम्पन्न व्यक्तिले जुत्ता, छाता, ठूलो रूमाल र कम्बल पनि दान गर्छन् । दान आफ्ना लागि वा पितृका लागि पनि दान गर्ने परम्परा छ । खासगरी मैथिल महिलाका लागि तिलासङ्क्रान्ति पर्वको अझ बढी महत्व छ । यसै दिनदेखि कन्या सुयोग्य वर प्राप्तिको कामनाले तुसारी पर्व मनाउन थाल्छन् भने विवाहित महिला पृथ्वी पर्व मनाउने गर्छन् । यस पर्वमा नवविवाहित दुलहाको घरबाट दुलहीको माइतमा तिल वा चिउराको कोसेली र जाडोमा लगाउने लुगा पठाइ दिने परम्परा पनि छ । यस प्रथालाई मैथिलीमा जडाउर भनिन्छ । धैरैजसो मिथिलावासी यसै दिनदेखि माघ स्नान सुरू गर्छन्, अर्थात् माघ महिनाभर एकाबिहानै नुहाएर घिउखिचडी खान्छन् ।

**मकर मेलाको सुरुवात**

माघ महिनको सुरुवातसँगै माघ महिनाभर नै मेला लाग्ने गरेको छ । जसलाई मकर मेला भन्ने गरिएको छ । मिथिलामा धनुषाधाममा माघ महिनाभर नै मेला लाग्ने गरेको छ । यसमा श्रद्धालुको उल्लेख्यरुपमा सहभागिता रहने गरेको छ । मेलामा नेपालको मात्रै नभई भारतका समेत विभिन्न जिल्लाबाट श्रद्धालु आउने गर्छन् । एक महिनामा यस ठाउँमा आर्थिक कारोबारसमेत उल्लेख्यरुपमा हुने गर्छ । प्रसिद्ध धनुषाधाममा त्रेता युगमा तत्कालीन मिथिलाका राजा जनकको प्रतिज्ञा पूरा गर्नका लागि भगवान् रामले शिवको पिनाक धनुषमा प्रत्यञ्चा चढाउँदा तीन टुक्रा भएको र त्यसमध्ये एक टुक्रा आकाश, अर्को पाताल तथा तेस्रो टुक्रा धनुषधाममा खसेको धार्मिक मान्यता छ ।

भगवान् शिवको पवित्र पिनाक धनुष भएका कारण सो ठाउँमा मकर अवधिभरि ठूलो धार्मिक मेला लाग्ने गरेको छ । खास गरेर धनुषाधाम मन्दिरमा भगवान् शिवको पिनाक धनुषको पूजापाठ गरी भाकल गरेको खण्डमा चिताएको कुरा पूरा हुने विश्वास भएकाले दर्शनार्थीको अत्यधिक भीड लाग्ने गरेको छ । त्यसकारणले माघ महिनामा यहाँ मेला लाग्ने गर्छ भने श्रद्धालुहरु आउने गर्छन् । भनिन्छ माघ महिनामा रहेक तीर्थ एकै ठाउँमा जम्मा हुने गरेका कारण यसको आफ्नै महत्व रहने गरेको छ । धनुषाधाममा समेत मकर मेलाको महत्व छ ।

धनुषाधाम मन्दिरमा अरू दिन पनि भक्तजन आउने गरेको भए पनि अन्य दिन कम मात्रामा आउने गरेका छन् । तर मकर मेलामा श्रद्धालुको उल्लेख सहभागिता रहने गरेका कारण यसको महत्वसमेत अत्यधिक रहने गरेको छ । धनुषाधाम मन्दिरमा करिब एक हजार वर्ष पुरानो पीपलको रुख रहेको छ । यसका साथै पीपलको जरामा आकाशगङ्गा छ । आकाशगङ्गाको पानी कहिल्यै सुक्दैन । सुकेको खण्डमा अनिष्ट हुने धार्मिक मान्यता छ । जनकपुरधामबाट १८ किलोमिटर उत्तरपूर्वको कुनामा धनुषाधाम मन्दिर छ । धनुषको टुक्रा अवलोकन र पूजाअर्चना गर्न दिनहुँ आन्तरिक तथा बाह्य पर्यटक एवम् श्रद्धालु भक्तजन आउने गर्दछन् । यस स्थानमा प्रत्येक वर्ष माघ महिनाको प्रत्येक आइतबार मकर मेला आयोजना हुने गरेको छ । श्रद्धालु भक्तजनले मनोकमना पूरा भएपछि भण्टाभार चढाउने गर्दछन् ।

# जनताले राजनीतिक पारदर्शीता खोजिरहेका छन्ः सिंह

रासस
कास्की ।
नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले जनताका पक्षमा इमान्दार भएर काम गर्नुपर्ने बताएका छन् । नेपाली कांग्रेस कास्कीका कार्यकर्तासँग आइतबार पोखरामा भएको भेटमा उनले केही समययता राजनीतिक परिस्थिति फेरिएकाले जनताले काम र राजनीतिक पारदर्शीता खोजिरहेका बताएका हुन् । 'राजनीिितक इमान्दारिता आजको आवश्यकता हो । जनताले पनि पारदर्शी रुपमा काम गर्ने नेता र पार्टीलाई विश्वास गर्छन् । निष्ठाको राजनीति गर्न कठिन भए पनि राजनीतिक दलहरु जनता केन्द्रित हुनुको विकल्प छैन', नेता सिंहले भने, 'विसं २०१७ मा निष्ठाको राजनीति गरेकाले बिपी, गणेशमान र कृष्णप्रसाद भट्टराई अहिले पनि जनताले स्मरणमा राख्छ नेताको रुपमा चिर्निदै आएका छन् ।' नेपाली कांग्रेसले अब आफ्नो नीतिमा सुधार गर्दै जनता केन्द्रित राजनीति गर्न जरुरी रहेको उनको भनाइ थियो । इमान्दार भएर जनताका काम नगर्ने हो भने अब कुनैपनि राजनीििितक दलको भविष्य नरहने बताउँदै समयअनुसार दलहरु पनि परिवर्तन हुन जरुरी रहेको नेता सिंहले बताए । 'नेपाली कांग्रेसलाई देशकै ठूलो पार्टीको रुपमा स्थापित गर्न युवा तथा निष्ठावान नेताको खोजी गर्न जरुरी छ' उनले भने, 'लोकतन्त्रमाथि आक्रमण भइरहेको बेला लोकतान्त्रिक पार्टी एक जुट भई यो व्यवस्थालाई मजबुद बनाउनु पर्दछ ।' कांग्रेसलाई बलियो बनाउन विधान अनुसार पार्टी चल्नुपर्ने भन्दै सङ्गठन पनि सोहीअनुसार विस्तार गर्नुपर्नेमा नेता सिंहले जोड दिए । प्रजातन्त्र तथा लोकतन्त्र ल्याउनमा कांग्रेसको भूमिका महत्त्वपूर्ण रहेको भन्दै उनले लोकतन्त्रलाई बचाइ राख्ने दायित्व पनि कांग्रेसको काँधमा आएको बताए । नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले पार्टीलाई बलियो बनाउन राजनीतिक दल जनताप्रति इमान्दार हुनुपर्नेमा जोड दिए ।

# निजी विद्यालयलाई सार्वजनिक गुठीमा रूपान्तरण गर्न माग



रासस
काठमाडौँ ।
विभिन्न राजनीतिक दल निकट विद्यार्थी सङ्गठनले संविधानमा व्यवस्था भएको निःशुल्क शिक्षाको हकलाई कार्यान्वयन गर्ने गरी विद्यालय शिक्षा विधेयक, २०८० पारित गर्न संसदीय समितिलाई ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचनाप्रविधि समितिको आइतबारको बैठकमा सुझाव दिन आमन्त्रित विद्यार्थी सङ्गठनका प्रतिनिधिले निजी विद्यालयलाई निश्चित अवधि तोकेर सार्वजनिक शैक्षिक गुठीमा अनिवार्य रुपान्तरण गराउनुपर्ने माग गरेका हुन् ।

बैठकमा सहभागीले नेपाल शिक्षक महासङ्घसँग भएका अस्थायी र राहत शिक्षकलाई सीमित प्रतियोगिताबाट स्थायी गराउने सहमतिको विरोध गरेका छन् । नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी सङ्घका अध्यक्ष दुजाङ शेर्पाले विद्यार्थीलाई केन्द्रमा राखेर कानुन बन्नुपर्नेमा जोड दिँदै करार र अस्थायी शिक्षकलाई सीमित प्रतियोगिताबाट स्थायी गराउने सम्झौता मान्य नहुने बताए । अध्यक्ष शेर्पाले शिक्षकको नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट गरिनुपर्ने, विद्यालय तह्मा अतिरिक्त क्रियाकलापका लागि छुट्टै शिक्षक दरबन्दी हुनुपर्ने, विद्यालय तह्मा नैतिक शिक्षालाई अनिवार्य गर्नुपर्नेलगायत माग राखे । उनले राज्यकोषबाट तलब तथा सेवा सुविधा लिने सबैले सामुदायिक विद्यालयमा छोराछोरी पढाएर सामुदायिक विद्यालयको सुधारमा साथ दिनुपर्ने प्रस्ताव गरे । नेकपा (एमाले) निकट अनेरास्ववियुका अध्यक्ष समिक बडालले आफूहरुसँग छलफल नगरी विधेयक ल्याइएको जनाउँदै पाँचदेखि सात वर्षको अवधि दिएर निजी विद्यालयलाई सार्वजनिक शैक्षिक गुठीमा लाउनुपर्ने माग गरे । बैठकमा नेकपा (माओवादी केन्द्र) निकट अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष पञ्चा सिंहले संविधानको मौलिक हकलाई ध्यान नदिइ निजी विद्यालयको व्यापारिकरण र एकाधिकारलाई प्रोत्साहन हुने गरी विधेयक ल्याइएकामा असन्तुष्टि व्यक्त गरे । उनले शिक्षा व्यापार र नाफाको विषय नभइ सेवाको क्षेत्र भएकाले निजी विद्यालयलाई गुठीमा जाने व्यवस्था अनिवार्य गर्नुपर्ने बताए । नेकपा (एकीकृत समाजवादी) निकट अनेरास्ववियुका अध्यक्ष आरती लामाले जनआन्दोलनको अग्रमोर्चामा रहेका विद्यार्थी सङ्गठनलाई शिक्षाका विधेयक तयार गर्दा विशेष ध्यान दिन आग्रह गर्दै निजी विद्यालयलाई पाँच वर्षभित्र गुठीमा लैजानुपर्ने बताइन् । राष्ट्रिय प्रजातन्त्र पार्टी निकट राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी सङ्गठनका अध्यक्ष कमल बम, जनता समाजवादी पार्टी निकट समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रमेश यादव, नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी निकट विद्यार्थी सङ्गठनका अध्यक्ष प्रकाश शाहीले पनि विधेयकलाई विद्यार्थीमुखी बनाउन सुझाव दिएका थिए ।




मोबाइलबाट
मधेशदृष्टि पढ्नका लागि
स्क्यान गर्नुहोस्

बिहान ५ बजे नै पिडिएफ उपलब्ध

PDF

मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफ तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।


# भ्रष्टाचार संस्कारका रुपमा विकसित भयोः विश्वकर्मा

'समतामूलक समाज निर्माण, रोजगारी सिर्जना, शिक्षा–स्वास्थ्य क्षेत्र, उत्पादन वृद्धिलगायतका क्षेत्रबाट समाजवाद निर्माण गर्ने कुरा संविधानमा राखिएको छ । तर मुख्य समस्या भनेको दलहरुले सिद्धान्त एउटा बोक्ने र व्यवहार अर्को गर्ने शैलीको भयो । यो गम्भीर विषय हो ।'

**चन्द्रबहादुर विश्वकर्मा, प्रतिनिधिसभा सदस्य**



- हाम्रो राजनीति शैली, संस्कारमा परिवर्तन आवश्यक छ
- जनताका निम्ति गम्भीर भएर काम गर्न सकेको देखिएन
- संसद्मा छलफलका लागि पर्याप्त विधेयक आएका छैनन्
- राजनीतिक परिवर्तनपछि जनताको चेतनास्तर बढेको छ

काठमाडौँ ।
प्रतिनिधिसभा निर्वाचन २०७९ मा निर्वाचित भएर हामीहरु संसद्मा आएको एक वर्ष बितिसकेको छ । यो एकवर्षे कार्यकाल समय र त्यसको उपलब्धिका हिसाबले उल्लेख्य प्रगति भयो भन्ने पक्षमा म छैन । यो अवधिमा हामीले एक–दुईवटा मात्रै विधेयक पारित गर्यौं । सयौँ विधेयक बनाउनुपर्ने छ, तर हामी त्यसमा सुस्त भयौँ । देश र जनताको आवश्यकतालाई महसुस गरेर जुन ढङ्गले कानुन निर्माण गरी सहजरूपमा सेवा दिनसक्नुपथ्र्यो, त्यो स्तरमा हामीले काम गर्न सकेका छैनौँ । संसद्का कामकारबाहीलाई चुस्त–दुरुस्त बनाउन सरकारले जुन भूमिका खेल्नुपर्ने हो, त्यो खेल्न नसकेको महसुस भएको छ । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा हामी छौँ । तर त्यसअनुसारको हाम्रा आचरण, आदत, स्वभाव र चिन्तन देखिएन । राज्य व्यवस्था नयाँ छ, तर हाम्रा सोच, शैली र तौरतरिका पुरानै छन् । यसलाई हामीले बदल्नुपर्नेछ । संसद्का मुख्य तीन भूमिका छन् । कानुन बनाउने, बनेको कानुन कार्यान्वयन भए–नभएकोबारे सरकारलाई अनुगमन गर्ने र नागरिकका गुनासा, समस्या सम्बोधन गर्ने कुरा संसद्को जिम्मेवारीभित्र पर्छन् । हामी सांसदको काम कानुन निर्माणमार्फत नागरिकलाई सहज सेवा प्रवाह गर्नु हो । तर कानुन निर्माणबाहेकका काममा पनि संसद्ले धेरै समय खर्च गर्दा अपेक्षित नतिजा देखिनसकेको छैन । जनप्रतिनिधि भएको हैसियतले जनताका पीरमर्का, समस्या सम्बोधन गर्ने जिम्मेवारी पनि सांसदको हुन जान्छ । जनजीविकासँग जोडिएका विषयमा सरिक हुने तथा उनीहरुका इच्छा, आकाङ्क्षा र चाहना पूर्ति गर्नका लागि भूमिका निर्वाह गर्ने हुटहुटी हुँदाहुँदै पनि कतिपय काम विधि, प्रक्रियाका कारण गर्न नसकेको हो कि जस्तो लाग्छ । जनताले आफ्नो मतादेशअनुसार हामीलाई दिएको महत्त्वपूर्ण जिम्मेवारीलाई बढीभन्दा बढी नतिजामूलक बनाउनेबारे सोच्न जरुरी छ । सरकारले संसद्लाई काम दिने सवालमा पनि केही ढिलासुस्ती भएको छ । संसद्मा छलफलका लागि पर्याप्त विधेयक आउन सकेका छैनन् ।

नयाँ शासन व्यवस्थामा हामी जाँदैगर्दा हाम्रा शैली फेरिनु आवश्यक छ । सरकारले सबै पक्षलाई जोडेर मिलाएर जाने सवालमा सही ढङ्गले भूमिका खेल्न सकेको छैन ।

प्रतिपक्षले पनि आफ्नो भूमिका जिम्मेवारीपूर्वक निर्वाह गर्न सकेको छैन । लोकतान्त्रिक व्यवस्थामा प्रतिपक्षलाई 'वेटिङ गभर्मेन्ट' मानिन्छ । अर्थात् वेटिङ गभर्मेन्टले उठाएका विषय पनि जनताका विषय हुन् भनेर सरकारले बुझ्न जरुरी छ । तर प्रतिपक्षका कुरा उपेक्षा गर्ने खराब चलन अहिलेमात्र नभई विगतदेखिकै अभ्यासको निरन्तरता हो । सरकार र प्रतिपक्ष एकअर्काका परिपूरक हुँदाहुँदै पनि नीति, सिद्धान्त, विचारमा फरक छन् । सांसदहरुले राष्ट्रलाई र जनतालाई केन्द्रबिन्दुमा राखेर सोच्नुभन्दा पनि आफ्नो दलको बारेमा सोच्ने चलन छ । यो रोग अहिलेको मात्र नभएर पहिल्यैदेखिको हो । राष्ट्र र जनतालाई केन्द्रबिन्दुमा राखेर काम गर्दा कुनै दलका, गुटका व्यक्तिका कुरा सम्बोधन हुनु सक्दैन् । तर त्यसले राष्ट्रलाई योगदान गर्छ भने दलीय र गुटगतभन्दा पर रहेर काम गर्नुपर्छ । दल र गुटभन्दा माथि उठेर राष्ट्रलाई शीर्षस्थानमा राखेर काम गर्ने हो भने सबै समस्या समाधान हुन्छन् । यसकारण हाम्रो राजनीति शैली, संस्कारमा परिवर्तन आवश्यक छ । तर सरकारले बजेट आफूअनुकूल प्रयोग गरेको छ । देश र जनताका निम्ति गम्भीर भएर काम गर्न सकेको देखिएको छैन ।

जनताका गुनासो सुन्ने, उनीहरूमा समस्या समाधानका लागि पहल गर्ने, जनतालाई सेवा दिनेलगायतका काम संसद्मा छुट्टै संयन्त्रले काम गर्छ भन्ने हुँदैन । त्यो भूमिका सांसदले नै पूरा गर्नुपर्छ । नागरिकका आवश्यकता र गुनासोका फाइल बोकेर सांसद मन्त्रालय, विभागमा जानु, संसद्मा कुरा राख्नु पनि सांसदकै जिम्मेवारीभित्र पर्दैन भन्ने होइन । जनताका समस्या समाधानका लागि मन्त्रालयसँग समन्वय गर्ने कुरा पनि सांसदको भूमिका हो । तर संसद् बैठकमा सहभागी नहुने, समितिमा बैठकमा सहभागी नहुने तर नागरिकका गुनासा सम्बोधन गर्ने भनेर मन्त्रालय चहार्ने भन्नेमात्र पनि होइन । मुख्य काम समिति र संसद्मा कानुन निर्माणको हो । सांसदहरु कानुन निर्माणमा नलागेर अन्य काममा लागेको भन्ने मैले अनुभव गरेको छैन । मुलुक निर्माण र जनतालाई सहज सेवा दिने सवालमा सुशासन कायम गर्नु पहिलो शर्त हो । हामी सुशासनका कुरा सैद्धान्तिकरुपमा त गरिरहेका छौँ । तर व्यवहारतः कार्यान्वयन भएको देखिएन । सुशासन कायम गर्ने भनेर दलको एजेन्डा बनाएर, चुनावी घोषणापत्रमा राखेर हामी चुनावमा जान्छौँ र जितेर पनि आउँछौँ । तर जितेर आइसकेपछि वा सरकारमा गएपछि आफैँले गरेका प्रतिबद्धता बिर्सन्छौँ । आफ्नै दलका नारा बिर्सिन्छौँ । त्यसलाई पालना गर्ने सवालमा हामी कमजोररुपमा पेस हुन्छौँ । सुशासन प्राप्त गर्नका लागि हाम्रो आफ्नै व्यवहारमा सुधार आवश्यक छ । प्रतिपक्षमा रहँदा सुशासनका कुरा जोडतोडले उठाउने तर सरकारमा जाँदा त्यो बिर्सिने वा कमजोर हुने विगतदेखिकै खराब परम्पराले निरन्तरता पाएको देखिन्छ । यसलाई अन्त्य गर्नु छ । विभिन्न भ्रष्टाचारका प्रकरण र काण्ड एकपछि अर्को गरी आइरहेका छन् । तर कारबाही गर्ने सरकार पछि हटेको छ ।

हामीकहाँ भ्रष्टाचार संस्कार नै भयो । कतिसम्म भने भ्रष्टाचार निवारणका कुरा गर्ने व्यक्ति नै भ्रष्टाचारमा मुछिने क्रम बढ्दै गएको छ । भ्रष्टाचार अन्त्य गर्नुपर्छ भनेर नबोल्ने कुनै पनि दलका सांसद बाँकी छैनन् । तर आफैँले कमाएको सम्पत्ति कसरी प्राप्त भइरहेको छ भनेर सांसदहरुले मूल्याङ्कन गर्नुपर्छ । पहिलो प्रश्न आफैँलाई सोध्नुपर्छ । आफ्नो पैतृक सम्पत्तिको लेखाङ्कन गरेर बाँकी आफूले कमाएको सम्पत्ति कहाँबाट आयो ? आफूले कसरी जीवन निर्वाह गरेको छु ? भनेर आफैँलाई प्रश्न सोधौँ । कहीँ कोही कसैले त भ्रष्टाचारबाट कमाएको सम्पत्तिमा उभिएर भ्रष्टाचार अन्त्यको कुरा पो गरिरहेको छन् कि ? यसकारण भ्रष्टाचार संस्कारबाट हामी आफैँ मुक्त नभएसम्म सुशासनको कुरा गरेर जनतालाई भ्रममा पार्नु बेतुकको कुरा हो । राजनीतिक दलहरुले आफ्नो सिद्धान्त बिर्सदै गए भन्ने गरेको सुनिन्छ । सबै दलका आफ्ना विचार र सिद्धान्त छ । वामपन्थी दलका सिद्धान्त एउटै भए पनि त्यो सिद्धान्तलाई प्रमुख मान्न सकिएको छैन । अहिले सबै दलका सिद्धान्त भनेको संविधानको कसरी परिणाममुखी बनाउने भन्नेतर्फ केन्द्रित छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको प्रभावकारी कार्यान्वयन र समाजवादोन्मुख अर्थतन्त्र निर्माण संविधानले निर्दिष्ट गरेको छ । मुलतः राजनीतिक दलका सिद्धान्त र विचारहरु पनि त्यसैमा केन्द्रित भएकाले उनीहरु आफ्नो सिद्धान्तबाट केही विमुख भएका हुन् कि भन्ने जस्तो देखिएको हुनसक्छ ।

अहिले हामी सबैको जिम्मेवारी संविधानको भावनाअनुरुप कानुन निर्माण र त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हो । दलहरुले भन्ने गरेका सुशासन, समृद्ध नेपालः सुखी नेपाली, समाजवादोन्मुख अर्थतन्त्र निर्माण गर्ने कुरा पनि संविधानमा नै छ । हाम्रो संविधान नै दलहरुका समान सिद्धान्तअनुसारको परिकल्पना गरिएको हो । समतामूलक समाज निर्माण, रोजगारी सिर्जना, शिक्षा–स्वास्थ्य क्षेत्र, उत्पादन वृद्धिलगायतका क्षेत्रबाट समाजवाद निर्माण गर्ने कुरा संविधानमा राखिएको छ । तर मुख्य समस्या भनेको दलहरुले सिद्धान्त एउटा बोक्ने र व्यवहार अर्को गर्ने शैलीको भयो । यो गम्भीर विषय हो । मुलुकमा राजनीतिक परिवर्तनपछि जनताको चेतनास्तर बढेको छ । सूचना प्रविधिको विकास र प्रयोगले अहिले विश्वभरका जानकारी हामी सबैले पाइरहेका छौँ । मानिस स्वभावैले सुख, शान्ति, समृद्धि चाहन्छ । हाम्रो आफ्नो देशको मौलिकताअनुसारको सुख, शान्ति, समृद्धि निर्माणमा चुक्दा युवाशक्ति विदेशिनुपर्ने बाध्यता छ । नागरिकको चेतनास्तर बढेसँगै त्यसले महत्वाकाङ्क्षा पनि सिर्जना गर्यो । तर हामीले नागरिक आकाङ्क्षाअनुसारको विकास र समृद्धि, रोजगारी पूर्ति गर्न सकेका छैनौँ । शिक्षा, स्वास्थ्य, रोजगारलगायतका सुविधा राष्ट्रियता, आफ्नो मौलिकता र संस्कृतिसँग जोडिन्छ । हामी राष्ट्रियताका चर्का कुरा गर्ने तर न्यूनतम सुविधा प्राप्त गर्न पनि नसक्ने अवस्थामा परनिर्भरता र युवाशक्ति विदेशिनुपरेको हो । राहदानी लिनका लागि लागेको युवाको लाइन, विमानस्थलमा देश छाड्ने युवाको लाइन देख्दा आफैँलाई हीनताबोध हुन्छ । हामी प्राकृतिकरूपमा सम्पन्न भएर पनि अरु देशमा दासजस्तो बनेर काम गर्नुपर्ने बाध्यता छ । यस विषयमा म गम्भीर र चिन्तित छु । स्वदेशमै रोजगारी सिर्जना गर्ने र युवा जनशक्ति पलायन रोक्ने सवालमा आफ्नो तर्फबाट गर्न सक्ने हरसम्भव प्रयास गरेको छु । जिम्मेवार निकायलाई यसबारे सचेत गराएको छु । तर नेपालको राजनीति निकै बिकृत भयो । जनताका बीच जाँदा राष्ट्रियताका चर्का कुरा गर्ने र सरकारमा जाने तर सत्तामा पुगेपछि राष्ट्रियता बिर्सिने प्रवृत्ति छ । हामी अरु कुनै शक्तिबाट चलिरहेका छौँ भन्ने कुरा बुझेपछि यसले पनि युवा जनशक्तिमा वितृष्णा बढ्दो छ । यसकारण जुनसुकै सरकार आए पनि आफ्नो स्वाभिमानमा टेकेर सिङ्गो राष्ट्रबारे सोच्न जरुरी छ । यो समस्या हल गर्न एक सांसदका हिसाबले म प्रतिबद्ध छु ।

# ‘सरकारले वातावरण बनाए १० वर्षमा १० हजार मेगावाट विद्युत सम्भव छ’

**मधेशदृष्टि**
**वीरगंज ।**
उर्जा व्यवसायीहरुले सरकारले निजी क्षेत्रलाई उपयुक्त वातावरण बनाइदिए १० वर्षमा १० हजार मेगावाट विद्युत उत्पादन सम्भव रहेको बताएका छन् ।
आइतबार काठमाडौंमा आयोजित कार्यक्रममा व्यवसायीहरुले नेपालको जलविद्युत क्षेत्रमा गरिएको लगानी सुरक्षित गर्न सकिने १० वर्षमा १० हजार विद्युत उत्पादन सम्भव रहेको बताएका हुन् । साक्षात्कारमा स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था (इपान) का वरिष्ठ उपाध्यक्ष मोहन डाँगीले देश विकास र समृद्धिको पहिलो आधार जलस्रोतनै रहेको बताए । नेपालमा जलस्रोतको अपार सम्भावना रहेको र छिमेकी देश भारत र बंगलादेशमा बजार रहेको उनले बताए । उनले निजी क्षेत्रलाई नेपालको जलविद्युत क्षेत्रमा गरिएको लगानी सुरक्षित छ भन्ने सुनिश्चित गर्न सकेको खण्डमा यो सम्भव रहेको धारणा राखे । सरकारले निजी क्षेत्रलाई वातावरण बनाइदिएको खण्डमा लक्ष्य पूरा हुने उनले बताए । उनले अहिले पीपीएको पर्खाइमा रहेका र पीपीए भएका आयोजना २२÷२३ हजार मेगावाट क्षमताको विद्युत आयोजना निजी क्षेत्रसँग रहेको जिकिर गरे । त्यस्तै, उर्जा व्यवसायी ज्ञानेन्द्रलाल प्रधानले राज्य विकासका लागि र जनताको दुःखमा संवेदनशील बन्न नसकेको टिप्पणी गरे । भारतसँगको विद्युत व्यापार सम्झौता नेपालको समृद्धि र विकासका लागि महत्वपूर्ण रहेको र यसमा नीजि क्षेत्रलाई पनि प्रोत्साहन गर्नुपर्ने बताए ।

# भक्तपुर उद्योग वाणिज्य सङ्घको अध्यक्षमा धौवञ्जा निर्वाचित

**रासस**
**भक्तपुर ।**
भक्तपुर उद्योग वाणिज्य सङ्घको अध्यक्षमा रोशनी धौवञ्जा निर्वाचित भएकी छन् । सङ्घको ३६औँ साधारणसभा एवं अधिवेशन–२०८० ले धौवञ्जाको अध्यक्षतामा सर्वसम्मतले नयाँ नेतृत्व चयन गरेको हो । सङ्घको आइतबार सम्पन्न अधिवेशनले सङ्घको ५७ वर्षीय इतिहासमा पहिलो पटक महिला अध्यक्ष निर्वाचित भएको निर्वाचन समितिका संयोजक अधिवक्ता गजेन्द्रशङ्कर तिमिलाले जानकारी दिए । उनका अनुसार यसअघि सङ्घका वरिष्ठ उपाध्यक्ष रहेका धौवञ्जाको अध्यक्षतामा २४ सदस्यीय नयाँ कार्यसमिति निर्विरोध चयन भएको हो ।
अधिवेशनले वरिष्ठ उपाध्यक्षमा कृष्णमुरारी न्यौपाने, उपाध्यक्षमा गणेशहरि प्रजापति, वस्तुगत उपाध्यक्षमा राजेन्द्रप्रसाद प्रजापति, एशोसियट उपाध्यक्षमा दिनेश गोसाईं, महासचिवमा नवीन प्रजापति, सचिवमा सचिन्द्र प्रधानाङ र कोषाध्यक्ष विश्वराम दुवाललाई निर्वाचित गरेको छ । सदस्यमा अमरबहादुर मानन्धर, ऋषिकेश श्रेष्ठ, कृतन अवाल, गोकर्ण न्यौपाने, गौतम सुवजु, पृथ्वीभक्त प्रजापति, रञ्जित मास्खि, राजेश त्वानावासु, रुकेश रञ्जित, सुरेन्द्र प्रजापति, श्यामप्रसाद मानन्धर निर्वाचित भएका छन् । महिला सदस्यमा मञ्जु सुवेदी र सरस्वती कार्की, वस्तुगत सदस्यमा गणेशभक्त हुँमागाईं, एशोसियट सदस्यमा जीतेन्द्र खायमली र राजेश त्वानावासु निर्वाचित भएका निर्वाचन समितिका संयोजक तिमिलाले जानकारी दिए ।

# नेपाल टेलिकमको नगद लाभांश दिने प्रस्ताव पारित




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल दूरसञ्चार कम्पनीको १६औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । राष्ट्रिय सभा गृह, काठमाडौंमा सम्पन्न भएको साधारणसभाले आर्थिक वर्ष २०७९–८० को मुनाफा रकम मध्येबाट प्रति शेयर ४० रुपैयाँका दरले शेयरधनीहरुलाई नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ । साधारणसभामा करिब ९२ प्रतिशत सेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुको उपस्थिति रहेको थियो । सभाले आर्थिक वर्ष २०७९–८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहित २०८० असार मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अन्य अनुसूचीहरु उपर छलफल गरी सर्वसम्मतले पारित गरेको छ । त्यसैगरी, सञ्चालक समितिमा सर्वसाधारण सेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको रुपमा मनिषजङ्ग जोशी निर्विरोध निर्वाचित भएका छन् । कम्पनी सञ्चालक समितिका अध्यक्ष एवम् सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले साधारणसभामा उपस्थित सेयरधनीहरुलाई स्वागत गर्दै कम्पनीको १६औं वार्षिक प्रतिवेदन पेस गरेका थिए ।

# नेप्से परिसूचक ३१ दशमलव ६२ अङ्कले बढ्यो

**रासस**
**काठमाडौं ।**
यो साता कारोबारको पहिलो दिन नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक ३१ दशमलव ६२ अङ्कले बढेर दुई हजार एक सय २० दशमलव ६२ को विन्दुमा कायम भएको छ । आइतबार तीन सय १४ कम्पनीको एक करोड ६६ लाख पाँच हजार दुई सय ३४ कित्ता सेयर ९४ हजार पाँच सय २६ पटक खरिद बिक्री हुँदा पाँच अर्ब ४५ करोड चार लाख २२ हजार आठ सय छ रुपैयाँ बराबरको कारोबार भएको छ । आइतबार होटल तथा पर्यटन समूहको उपसूचक शून्य दशमलव ०१ र व्यापार समूह शून्य दशमलव ९४ अङ्कले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै जनविद्युत समूह चार दशमलव ५८ र अन्य समूह दुई दशमलव ७७ प्रतिशतले बढेको छ । जलविद्युत समूहका पाँच कम्पनीको शेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ । हिमालयन पावर पार्टनर लिमिटेड, कालिका पावर कम्पनी लिमिटेड, तेह्रथुम पावर कम्पनी लिमिटेड, मध्यभोकोशी जनविद्युत कम्पनी लिमिटेड र माथिल्लो मैलुङखोला जलविद्युत लिमिटेडको शेयर मूल्य दश प्रतिशतले बढेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने मेगा म्युचुअल फण्ड–१ को शेयर मूल्य नौ दशमलव ५३ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याको आधारमा आइतबार सबैभन्दा धेरै नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड प्रमोटर शेयर ३५ करोड ६८ लाख ३८ हजार सात सय २० रुपैयाँ बराबरको १२ लाख ७४ हजार चार सय २४ कित्ता किनबेच भएको छ ।

# इक्वेडरको जेलमा बन्धक बनाइएका ४१ जना रिहा, १३६ जना अझै बन्धक

**एएफपी**
**ग्वायाक्विल ।**
इक्वेडरका कैदीहरुले बन्धक बनाएका ४० भन्दा बढी जेल अधिकारीहरुलाई मुक्त गरिएको जेल प्रशासनले शनिबार जनाएको छ ।
कैदीहरुले बन्धक बनाएका २४ गार्ड र १७ प्रशासनिक कर्मचारीलाई ‘रिहा गरिएको कारागार प्रशासनले जनाएको छ । प्रशासनले यसबारे थप विस्तृत विवरण भने उपलब्ध गराएको छैन । बन्धक बनाइएका १३३ गार्ड र तीन कर्मचारी अझै रिहा हुन सकेका छैनन् । राष्ट्रपति डेनियल नोबोआले यसै हप्ता आपराधिक समूहहरुलाई सैन्य कारबाही सुरु गरेपछि दक्षिण अमेरिकी राष्ट्रमा नार्को गिरोहसँग घातक मुठभेड सुरु भएपछि ती कामदारहरुलाई बन्धक बनाइएको थियो । यो सङ्कट देशको सबैभन्दा शक्तिशाली ड्रग कारोबार गर्ने समूहका एक नाइके फिटो भनिने जोस एडोल्फो म्यासियासको ग्वायाक्विल जेलबाट भागेपछि उत्पन्न भएको थियो । फिटो भागेपछि जेलमा दङ्गा, बन्धक बनाउने र प्रहरीमाथि आक्रमणहरू भएका थिए । भागेका कैदीलाई खोज्न र बन्धकलाई रिहा गर्न स्थल, हवाई र समुद्री गस्तीका लागि २२ हजारभन्दा बढी सैनिक तैनाथ गरिएको छ ।
अधिकारीहरुले शहरका मुख्या भागमा कर्फ्यु लगाइ जेलहरूमा छापा मारेका छन् । पेरुसँगको सीमा नजिक एल ओरोमा शनिबार कैदीहरूसँगको झडपमा मारिएका एक गार्डसहित कम्तीमा १९ जनाको हिंसामा मृत्यु भएको अधिकारीहरुले बताएका छन् । दक्षिणपश्चिमी माचला कारागारमा ‘सशस्त्र भिडन्त’ भएपछि सेना र प्रहरीले ‘सुव्यवस्था र सामान्य स्थिति बहाली’ का लागि छ वटा शहरका हिरासत केन्द्रमा छापा मारेका थिए । ग्वायाकिल कारागारपरिसरबाट शुक्रबार साँझ कम्तीमा पाँच जना कैदी भागेका थिए र तीमध्ये दुई जनालाई खोजी अभियानका क्रममा पक्राउ गरिएको प्रहरी स्रोतले जनाएको छ । उनीहरू भागेलगत्तै सहरको उत्तरी बाहिरी इलाकामा रहेको विशाल कारागारको वरपर दुईवटा हेलिकप्टर र ड्रोन उडिरहेको देखिएको थियो । इक्वेडरका कुख्यात



अपराधीहरुलाई राखिएको कारागारको वरिपरि सैनिकहरुको सहयोगमा दर्जनौं प्रहरी अधिकारीहरू गस्ती गरिरहेका छन् । कुनै समय प्रमुख कोकिन उत्पादकहरुको बीचमा अवस्थित शान्तिको किल्ला, इक्वेडर संयुक्त राज्य अमेरिका र यूरोपमा लागुऔषध ढुवानी गर्न यसको बन्दरगाह प्रयोग गर्ने अन्तर्राष्ट्रिय कार्टेलहरुको वर्षौंको बढ्दो नियन्त्रणपछि सङ्कटमा फसेको छ । करिब एक करोड ७० लाख जनसङ्ख्या रहेको यो देशमा आपराधिक गिरोहका २० हजारभन्दा बढी सदस्य रहेको अनुमान गरिएको छ । पछिल्लो आधिकारिक रिपोर्टअनुसार ८५९ जना शङ्कास्पद व्यक्तिलाई पक्राउ गरिएको छ, २५ जना फरार कैदीलाई पुनः पक्राउ गरिएको छ, पाँच जना ‘आतङ्ककारी’ मारिएका छन् र ५७ जना अपहृत व्यक्तिहरुलाई रिहा गरिएको छ । माचला कारागारमा कैद गरिएको र प्रहरीले पुष्टि गरेको एउटा डरलाग्दो भिडियोमा कैदीहरुको नियन्त्रणमा रहेको कारागारभित्रबाट प्लास्टिकमा बेरेर सडकमा फ्याँकिएको कैदीको शव देखिन्छ । पछिल्ला दिनहरुमा पक्राउ परेका संदिग्ध गिरोहका सदस्यहरुलाई उपहास गरिएको, गीत गाउन बाध्य पारिएको, एकअर्कालाई कुटपिट गरेको वा सैनिकहरुले दुव्र्यवहार गरेको अन्य तस्बिरहरु सार्वजनिक भएका छन् ।

# उत्तर कोरियाले ‘ब्यालेस्टिक क्षेप्यास्त्र’ परीक्षण गरेको दक्षिण कोरियाली सेनाको दावी

**एएफपी**
**सियोल ।**
प्योङयाङले दक्षिण कोरियासँगको तनावपूर्ण सामुद्रिक सीमा नजिक ‘प्रत्यक्ष हतियार प्रहार’ को अभ्यास गरेको केही दिनपछि उत्तर कोरियाले आइतबार अर्को एउटा ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको दक्षिण कोरियालीसेनाले जनाएको छ । ‘उत्तर कोरियाले पूर्वी सागरतर्फ अज्ञात ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको छ’, सियोलका ज्वाइन्ट चिफ अफ स्टाफले एक विज्ञप्तिमा भनेका छन् ।
ज्वाइन्ट चिफ अफ स्टाफले प्रक्षेपण भएको पत्ता लागेको बताए पनि यसबारे थप विवरण भने दिएका छैनन् । जापानको तटरक्षक बलले उत्तर कोरियाको रक्षा मन्त्रालय र चेतावनीवाहक जहाजहरुको जानकारीलाई उद्धृत गर्दै ‘सम्भावित ब्यालेस्टिक क्षेप्यास्त्र’ उत्तर कोरियाबाट प्रक्षेपण गरिएको बताएको छ । उत्तर कोरियाले पछिल्लो पटक ह्वासोङ–१८ ठोस इन्धनले चल्ने अन्तरमहाद्वेशीय ब्यालिस्टिक क्षेप्यास्त्रको परीक्षण गरेको थियो । केही दिनअघि उत्तर कोरियाले दक्षिण कोरियासँगको सामुद्रिक सीमा नजिक दुर्लभ ‘प्रत्यक्ष आक्रमणको अभ्यास’ गरेको थियो, जसका कारण केही दक्षिण कोरियाली सीमावर्ती टापुमा



सावधानीका लागि निर्देशन जारी गरिएको थियो । उत्तर कोरियाली नेता किम जोङ उनले यसै साताको सुरुमा सियोललाई आफ्नो ‘प्रमुख शत्रु’ को संज्ञा दिँदै दक्षिण कोरियालाई ध्वस्त पार्न नहिचकिचाउने चेतावनी दिएका छन् । ‘ऐतिहासिक समय अन्ततः आएको छ, अब हामीले दक्षिण कोरियालाई ‘प्रमुख शत्रुराष्ट्र’को रुपमा परिभाषित गर्नुपर्छ’, किमले कोरियाली केन्द्रिय समाचार निकाय (केसीएनए) लाई उद्धृत गर्दै भनेका थिए । विश्लेषकहरूले त्यतिबेला यो परिवर्तन महत्वपूर्ण रहेको बताएका छन् । उनीहरूले प्योङयाङको सियोलप्रतिको दृष्टिकोणमा आएको परिवर्तनलाई ‘अति–उग्र मोड’ मा परिवर्तनको सङ्केत गरेको थियो । किमले आणविक शक्तिको रुपमा देशको स्थायी हैसियतलाई संविधानमा समावेश गरेपछि र धेरै उन्नत अन्तरमहाद्वेशीय ब्यालेस्टिक क्षेप्यास्त्रहरुको परीक्षण गरेपछि दुई कोरियाबीचको सम्बन्ध दशकौं यताकै सबैभन्दा खराब अवस्थामा पुगेको छ ।

# प्रधानमन्त्री कपमा एपीएफ र कर्णालीको विजयी सुरुवात

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय प्रतियोगितामा एपीएफ क्लबले विजयी सुरुवात गरेको छ । त्यसक्रममा उनले बागमती प्रदेशमाथि ८९ रनको फराकिलो जित निकालेको छ । त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा टस हारेर ब्याटिङको निम्तो पाएको एपीएफले सन्दीप जोराको शतक मद्दतमा ९ विकेट गुमाउँदै २४१ रन बनाएको थियो । पाँचौं नम्बरमा ब्याटिङमा आएको जोराले एक छेउबाट इनिङ सम्हाल्दै ११७ बलमा ११२ रन बनाए । त्यस क्रममा ५ छक्का र ७ चौका हाने । उनले छैटौं विकेटका लागि लोकेश बमसँग ६६ रनको र आठौं विकेटका लागि अमर रौतैलासँग ६८ रनको महत्वपूर्ण साझेदारी गरेका थिए । बम ४७ र रौतेला २२ रनमा आउट भए । बलिङतर्फ बागमतीका लागि सूर्य तामाङले सर्वाधिक ३ विकेट लिए । प्रतिश जिसी, रिजन ढकालले २÷२ विकेट लिए । सोनु देवकोटाले १ विकेट लिए । जितका लागि २४२ रनको लक्ष्य पछ्याएको बागमती ४२.५ ओभरमा १५२ रन बनाउँदै अलआउट भयो । बागमतीका लागि कप्तान रित गौतमले सर्वाधिक ६० रन बनाए । उनले ८९ बलमा ८ चौका प्रहार गरे । ओपनर इशान पाण्डे खाता नै नखोली आउट भए पनि अशुतोष घिरैयाले ५७ बलमा ५ चौकासहित ४१ रन बनाए । उनले रितसँग दोस्रो विकेटका लागि ५७ रनको साझेदारी गरेका थिए । एक समयमा बागमती २ विकेटको क्षतिमा ११५ रनको स्थितिमा थियो । तर २९.३ ओभरमा टिमको स्कोर ११५ रन हुँदा विवेक मगर तेस्रो विकेटका रुपमा व्यक्तिगत ६५ रनमा आउट भएपछि बागमतीको विकेट पतनको शृंखला सुरु भयो । रित गौतम चौथो विकेटका रुपमा टिमको स्कोर १२० रन हुँदा आउट भए । त्यसपछि ब्याटिङमा आएका रबिन जोशी २० रनमा नट आउट रहे पनि अन्य कुनै पनि ब्याटरले दोहोर अंकमा रन जोड्न सकेनन् । एपीएफबाट जितान कप्तान रोहितकुमार पौडेल एक्लैले ४ विकेट लिए । लामि मौसम ढकाल र अभिनास बोहोराले २÷२ विकेट लिए । पुरन विक र भुवन कार्कीले समान १÷१ विकेट लिए । पहिलो खेलमा नेपाल पुलिससँग ८ रनले पराजित भएको बागमतीको यो लगातार दोस्रो हार हो ।
यता, प्रतियोगितामा कर्णाली प्रदेशले विजयी सुरुवात गरेको छ । भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा कर्णालीले गण्डकी प्रदेशलाई ७ विकेटले हराएको हो । आफ्नो पहिलो खेलमा लुम्बिनीसँग ४ विकेटले पराजित गण्डकीको यो लगातार दोस्रो हार हो । टस हारेर ब्याटिङको निम्तो पाएको गण्डकीको सुरुवात नै राम्रो भएन । २२ रन बनाउँदा ५ विकेट गुमाएका भए पनि पुछारका ब्याट्सम्यानले टिकेर ब्याटिङ गरेपछि गण्डकीले निर्धारित ४५ ओभरमा ९ विकेट गुमाउँदै १२२ रन बनाएको थियो । गण्डकीका लागि कमल परियार र अमृत गुरुङले समान २१ रन बनाए । आठौं नम्बरमा ब्याटिङमा आएका कमलले ४४ बलमा २ चौका प्रहार गरेका हुन् । सातौं नम्बरका ब्याटर अमृतले ५४ बलमा २ चौका नैहानेका थिए । छैटौं ब्याटर अक्षानी रानाले १६ रन बनाए । कप्तान विपिन खत्रीले १० रन बनाए । चन्द्र पौडेल १४ र अंकित न्यौपाने २ रनमा अविजित रहे । कर्णालीका लागि अनसज चनारा, दिनेश अधिकारी, दिपेन्द्र रावतले समान २÷२ विकेट लिए । प्रकाश जैसी, दिवान पुन र रविन्द्र रावतले १÷१ विकेट लिए । १२३ रनको लक्ष्य कर्णालीले ३३.२ ओभरमा ३ विकेटको क्षतिमा पूरा गरेको हो । कर्णालीका लागि ५३ रन बनाएका हिमान्शुले ९१ बलमा ५ चौका र २ छक्का प्रहार गरे । ओपनर रविन्द्र शाहीले २० रन बनाए । ओपनर निश्चल रावल २९ र अर्जुन घर्ती १० रनमा अविजित रहे । गण्डकीका लागि अंकित न्यौपानेले २ विकेट लिए ।



**तरुल र सख्खरखण्डः** बुटवल उपमहानगरपालिका–६ स्थित ट्राफिकचोकको सडक छेउमा माघे सङ्क्रान्तिलाई लक्षित गरी आइतबार बिक्रीका लागि राखिएको तरुल, सख्खरखण्ड खरिद गर्दै सर्वसाधारण । तस्बिरः सुमित्रा अधिकारी, रासस



**देवघाटधाममा डुङ्गाः** माघ १ गते मकर सङ्क्रान्तिमा गङ्गा स्नानका लागि प्रसिद्ध धार्मिक स्थल देवघाटधाममा आउने भक्तजनलाई नदी वारपार गर्न तयारी अवस्थामा राखिएको डुङ्गा । गङ्गा स्नानका लागि आइतबारदेखि भक्तजन आउन थालेका छन् । तस्बिरः मिला दरै, रासस

# देवघाटमा बाँसको लिङ्गो गाडेर माघेसङ्क्रान्ति मेला शुभारम्भ

**रासस**
**चितवन ।**
देवघाटको बेनीमा बाँसको लिङ्गो गाडेर माघेसङ्क्रान्ति मेलाको शुभारम्भ गरिएको छ । विभिन्न आश्रमका पीठाधीश, सन्तमहन्त, भक्तजन, स्थानीयलगायतको उपस्थितिमा लिङ्गो गाडेर मेलाको शुभारम्भ गरिएको हो । गलेश्वर आश्रममा भेला भएर विधिपूर्वक लिङ्गोसहित शोभायात्रा बेनी पुगेको थियो । बेनीमा गलेश्वर आश्रममा गलेश्वर आश्रमका पीठाधीश अनन्त श्री विभूषित आत्मानन्द गिरी जी महाराज, नेपाल सन्त समाजका अध्यक्ष एवम् हरिहर आश्रमका पिठाधीश १००८ स्वामी ज्ञानानन्द सरस्वती जी महाराज, महेश सन्यास आश्रमका पीठाधीश १००८ स्वामी रमणानन्द गिरी जी महाराजसहित सन्तमहन्त, बटुकलगायत स्थानीय व्यक्तिको उपस्थितिमा बाँसको लिङ्गो ठड्याइएको हो ।

देवघाट क्षेत्र विकास समितिका अध्यक्ष भीमबहादुर रानालगायत क्षेत्र विकास समितिका सदस्य, आश्रमका बटुकको ठूलो उपस्थिति रहेको देवघाट क्षेत्र विकास समितिका सदन बरालले बताए । यससँगै चितवन, तनहुँ र नवलपरासीको सङ्गमस्थल देवघाटमा माघेसङ्क्रान्ति मेला सुरु भएको छ । यस वर्ष विधिपूर्वक मेलाको शुभारम्भ गरिएसँगै बाहिरबाट भक्तजन आउनेक्रम सुरु भएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्माले माघेसङ्क्रान्ति मेलाका अवसरमा आइतबार र सोमबार नारायणगढ–मुग्लिन सडकखण्ड नरोकिने जानकारी दिए । पुल निर्माणका लागि भित्तो काट्ने काम भइरहेकाले दिउँसोमा सवारी रोकी काम गरिँदै आएको थियो । सङ्क्रान्ति मेलाका लागि सडक नरोकिने भएको हो ।आइतबार राति भक्तजन देवघाटमा जाग्राम बस्ने प्रचलन छ । धर्मशास्त्रअनुसार सौरमासका हिसाबले माघेसङ्क्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यसलाई 'मकर सङ्क्रान्ति' भनिएको हो । आजदेखि सूर्य दक्षिणी गोलाद्र्धबाट उत्तरी गोलाद्र्धतर्फ प्रवेश गर्ने भएकाले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ । 'भविष्य पुराण', 'विष्णुवचन' तथा 'धर्मसिन्धु' नामक ग्रन्थमा यस दिन पवित्र तीर्थस्थलमा स्नान गरी घिउ, चाकु, तिलको लड्डु, सागपात, तरुल, बस्त्र, पानीको भाँडो र मकलसहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले खाएमा शरीर पोषिलो हुनाका साथै निरोग भइने जनविश्वास छ । देवघाटमा नेपालसहित भारतलगायत तेस्रो मुलुकबाट भक्तजन स्नानका लागि आउने गर्दछन् । विगतका वर्षमा भन्दा यस वर्ष भक्तजनको सङ्ख्या बढी हुने अपेक्षा गरिएको छ ।

# थारु गाउँमा माघीको चहलपहल सुरु

**रासस**
**बाँके ।**
थारु समुदायमा माघी पर्वको रौनक सुरु भएको छ । नयाँ वर्षको रुपमा लिइने माघीले थारु समुदाय तथा बस्ती उल्लासमय भएका छन् । पुसको अन्तिमदेखि माघको मध्यसम्ममा थारु समुदायले माघी पर्व मनाउने बाँकेका थारु अगुवा रामदास थारुले बताए । 'माघीको अवसरमा नाचिने माघी, छोक्रा, हुर्दुग्वा, लठहवालगायतका नाँच थारु गाउँमा सुरु भएका छन्,' उनले भने, 'गाउँगाउँमा नाचसँगै माघीको चहलपहल सुरु भएको छ । माघीकै अवसरमा घरघरमा नाचगान गरेर दक्षिणा उठाउने चलन पनि छ ।'

थारु समुदायमा माघीलाई विशेष महत्त्वका साथ हेरिन्छ । माघीदेखि नै समुदायमा नयाँ काम सुरु गर्नुका साथै नयाँ व्यवस्था लागू हुने भएकाले यसलाई विशेष महत्त्वका साथ हेरिने बैजनाथका थारु अगुवा चन्द्रबहादुर चौधरीले बताए । 'यो पर्वलाई समुदायमा आ–आफ्नै तरिकाले मनाउने गरिएको छ । तर नीति व्यवस्था र गाउँ सञ्चालन प्रक्रिया एक वर्षलाई एउटै हुने भएकाले यसको विशेष महत्व रहन्छ,' उनले भने ।

माघी थारू समुदायको चाडमात्रै नभएर यस अवसरमा नयाँ रीतिथिति, नयाँ अगुवा (मतहवा, भल्मन्सा, मतहवा, बरघर) चुन्ने र नीति नियम निर्माण गर्ने पर्वका रुपमा रहेको चौधरीको भनाइ थियो । पश्चिम नेपालको दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा थारु समुदायको बाक्लो बस्ती रहेकाले पनि माघीमा यी जिल्लामा विशेष महत्वकासाथ मनाउने गरिन्छ । गाउँको अगुवा, प्रमुखदेखि चौकीदारसम्म चुनिने, वर्षभरिका लागि कसलाई के जिम्मेवारी दिने, घरको मूली को बन्ने, लेनदेन, घरसल्लाहलगायत विषयमा छलफल हुने भएकाले यसलाई नयाँ आर्थिक वर्षको रुपमा पनि थारु समुदायले लिने गरेका राप्ती सोनार–३ बैजापुरका थारु अगुवा तुलसीराम थारुले बताए । 'विशेष गरेर पुसको अन्तिम दिनदेखि माघीको रौनकता बढ्छ । अहिले थारु गाउँगाउँमा रातभर आगो बाल्ने चलनअनुसार दाउरा सङ्कलन, पिसान कुटान, रङ्गरोगन, जाँड तथा ढिक्री पकाउने तथा खानाका अन्य परिकार बनाउने काम पूरा भएको छ,' उनले भने, 'माघीको अवसरमा विभिन्न ठाउँमा मेला महोत्सवको समेत आयोजना हुन गर्दछन् ।'

तुलसीरामका अनुसार थारु समुदायमा माघ १ गतेको अघिल्लो दिन रातभरी आगोको धुनी बालेर ताप्ने गर्दछन् । गाउँभरिका मानिसहरु एकठाउँमा जम्मा भएर गाउँको एक ठाउँमा आगो बालेर रातभर रमाइलो गर्दछन् । राती आगो ताप्ने, बिहान भाले बासेसँगै नदी, खोलामा नुहाउने गर्दछन् । नुहाएर आफुभन्दा ठूलासँग आशिर्वाद लिने र सानालाई स्नेह गर्ने चलन रहेको उहाँको भनाइ थियो । 'माघ २ गते गाउँको भेला बोलाएर अगुवा छान्ने र नीति नियम बनाउने चलन छ । त्यसपछि केही दिन नाचगान गरेर पर्व मनाउने गरिन्छ,' तुलसीरामले भने । माघी पर्वसँगै थारु सँस्कृति संरक्षण र रमाइलोका लागि मगौटा नाचगान पनि सुरु भएको बैजनाथ–१ च्यामाका गणेश थारुले जानकारी दिए ।

**भुवरभवानीमा माघी मेला**
थारु समुदायको मुख्य पर्व माघीको अवसरमा बाँकेको राप्ती सोनारी गाउँपालिका–३ स्थित भुवर भवानी मन्दिर परिसरमा आइतबारदेखि माघको ४ गतेसम्म माघी मेला लागेको छ । बैजापुरस्थित भुवरभवानी मन्दिर परिसरमा प्रत्येक वर्ष माघी पर्वको अवसरमा लाग्ने माघी मेलामा बाँकोका साथै छिमेकी जिल्ला र भारतबाट समेत भक्तजन यहाँ पुग्ने गरेका मेलाका संरक्षक एवम् वडा नम्बर ३ का वडाध्यक्ष मीनकुमार थारुले जानकारी दिए । 'यो मन्दिर नेपाल र भारतमा प्रचलित भएकाले यसको प्रचारप्रसारका लागि मेला आयोजना गर्ने गरेका छौँ,' उनले भने, 'धर्म र आस्थाको संरक्षणका लागि बाहिरी पर्यटन भित्र्याउन मेला सहयोगी बन्दै आएको छ ।' विसं २०१३ मा स्थापना भएको भुवरभवानी मन्दिरमा वर्षमा तीन पटक विशेष पूजासँगै लाग्ने मेलामा व्यापार व्यवसायका साथै मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन हुने वडाध्यक्ष थारुले जानकारी दिए ।

# गोदावरीमा मकर मेला सुरु

**रासस**
**कैलाली ।**
कैलालीको गोदावरी नगरपालिका–५ स्थित गोदावरीधाममा बाह्रराशी दर्शन मकरमेला सुरु भएको छ । गोदावरीधाम विकास समितिको आयोजनामा आजदेखि सुरु भएको मेला आगामी माघ १२ गतेसम्म सञ्चालन हुनेछ ।

धार्मिक तथा पर्यटकीयस्थल गोदावरीधाममा पर्यटकीय चहलपहल बढाउने तथा यस क्षेत्रको प्रचारप्रसारमा मेला सहयोगी हुने विश्वासका साथ आयोजना गरिएको समितिका अध्यक्ष पदमराज जोशीले बताए । 'मेलामा स्नान कुण्ड, कुम्भ बाटिकाको परिसर र बाटोको उचित व्यवस्थापन गरेका छौँ । खानेपानी र बिजुली बत्तीको पनि व्यवस्था मिलाएका छौँ,' उनले भने । 'मेलामा बाह्रराशी, नवग्रह, सत्ताइस नक्षेत्रको स्थापना गर्नुका साथै लक्ष्य हवन गरिन्छ,' अध्यक्ष जोशीले भने, 'विभिन्न पुरायणको प्रारायण, ग्रह पूजा तथा ग्रह शान्ति, भजनकीर्तन, प्रवचन तथा कविता गोष्ठी गरिने छ ।'

मेलामा सुदूरपश्चिमका नौ वटै जिल्ला, लुम्बिनी प्रदेशको बाँके, बर्दिया र छिमेकीमूलुक भारतबाटसमेत भक्तजन आउने उनको भनाइ थियो । माघे सङ्क्रान्तिका दिन गोदावरी नगरपालिकाले अत्तरिया बजारदेखि गोदावरीधामसम्म भक्तजनका लागि निःशुल्क बसको व्यवस्था गरेको नगरप्रमुख वीरेन्द्र भट्टले जानकारी दिए ।

'माघे सक्रान्तिको दिन श्रद्धालु भक्तजनको बढी आवतजावत हुन्छ । आवतजावतमा समस्या नहोस् भनेर अत्तरिया बजारबाट गोदावरीधामसम्मका लागि छ वटा बसको व्यवस्था गरेका छौँ,' उनले भने, 'गत वर्ष पनि हामीले निःशुल्क बसको व्यवस्था गरेका थियौँ ।' गोदावरीधाममा प्रत्येक वर्ष बाह्रराशी दर्शन मकरमेला लाग्ने गर्दछ । प्रत्येक छ वर्षमा अर्धकुम्भ मेला र प्रत्येक १२ वर्षमा महाकुम्भ मेला लाग्ने गरेको गोदावरीधाम विकास समितिले जनाएको छ ।




शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

वीरगंज महानगरपालिका
वडा नं. १६ को कार्यालय



**चाकु किन्दैः** चाकुको लागि प्रख्यात ठाउँ काठमाडौँको टोखा बजारमा आइतबार माघे सङ्क्रान्तिका लागि चाकु किन्दै सर्वसाधारण । तस्बिरः हरिराम भेटुवाल, रासस



**रामायणको वर्णनः** भारत, अयोध्यामा नवनिर्मित राम मन्दिरमा भगवान् श्री रामको मूर्ति स्थापना गरी प्राण प्रतिष्ठा हुने दिन माघ ८ गते नै वीरगंजको घडिअर्वास्थित रामजानकी मन्दिरमा भगवान् श्री राम भगवान् र माता सीताको मूर्ति स्थापना गरी प्राण प्रतिष्ठा गरिने भएको छ । त्यसैको तयारीमा घडिअर्वा पोखरीको भित्तामा रामायण कथालाई वर्णन गरेर चित्रकला तयार पार्दै स्थानीय चित्रकारहरु । तस्बिरः मधेशदृष्टि

# पर्सामा पाँच ठाउँमा माघी महोत्सवको तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
माघी मूल समारोह समिति पर्साले थारु माघी समारोह–२०८० कार्यक्रमको सम्पूर्ण तयारी पूरा गरेको छ । सोमबार माघ १ गते आयोजना हुने माघी महोत्सवको तयारी पूरा भएको हो ।

वीरगंजको आर्दशनगरस्थित पुरानो बसपार्कमा विभिन्न कार्यक्रमको आयोजना गरी माघी महोत्सव मनाइने तयारी गरिएको थारु माघी समारोह आयोजक समितिका संयोजक शेखर चौधरीले बताए । आदिवासी थारु समुदायको माघी (खिचडी) पर्व तथा थारु समुदायको नयाँ वर्ष थारु सम्वतः २६४८ को शुभकामना आदानप्रदान, भाषा तथा सास्कृतिक कार्यक्रमका साथै माघी महोत्सव मनाउने तयारी भएको हो । महोत्सव राज्यका आदिवासी थारु समुदायको राजनीतिक, सास्कृंतिक, सामाजिक पहिचान, राज्यका हरेक निकायमा जनसङख्याको आधारमा पूर्ण समानुपातिक समावेशी प्रतिनिधित्वसहित हक अधिकार सुनिश्चित गर्ने उद्देश्यले आयोजना गरिएको चौधरीले बताए । कार्यक्रममा खुला रक्तदानसमेत आयोजना गरिएको छ । माघ १ गते बिहान घण्टाघरदेखि पुरानो बसपार्क थारु सस्कृंति झल्कने झाँकीसहित प्रभातफेरी निकाल्ने तयारी छ ।

यसैगरी, कार्याक्रममा थारु सस्कृंति झल्कने घाँटो, सामाचकेवा, झम्टा, थारु पूर्वी नाच, थारु समुदायका बालबालिकाको थारु नाच, कला प्रदर्शनी, थारु खानाका परिकार घोंङ्गी, केकडा, माछा, परेवा, हाँस, कुखुरा, चिचर, भुजा र तिलको लड्डुका स्टल राखिने संयोजक थारुले बताए । समितिका संयोजक शेखर चौधरीको संयोजकत्वमा भएको पत्रकार सम्मेलनमा प्रचारप्रसार संयोजक शम्भु महतो थारु, दीपेन्द्र चौधरी, विजया ओझैया, नन्दकिशोर पञ्जियार, मनोज चौधरीलगायतको सहभागिता थियो ।

कार्यक्रम सञ्चालन पुनम चौधरीले गरेकी थिएन् । पर्सा जिल्लाका पाँच स्थानमा यसवर्ष माघी महोत्सवको कार्यक्रम आयोजना गरिने भएको छ । वीरगंज महानगरपालिकासहित पर्साको पटेर्वासुगौली गाउँपालिका, जीराभवानी गाउँपालिका, पर्सागढी नगरपालिका र सखुवाप्रसौनी गाँउपालिकामा माघी महोत्सव मनाउने तयारी भइरहेको छ ।

# हरिखेतानलाई ध्वस्त बनाउने षड्यन्त्रमा नलाग्न चेतावनी



**मधेशदृष्टि**
**वीरगंज ।**
हरिखेतान बहुमुखी क्याम्पस वीरगंजका क्याम्पस प्रमुख किशोरी रायले आफ्नो आधिकारिकता समाप्त भई सकेपछि संस्थालाई ध्वस्त बनाउने षडयन्त्रमा नलाग्न पूर्व क्याम्पस प्रमुख डा.भगवान यादवलाई चेतावनी दिएका छन् । उनले क्याम्पसको नवनिर्मित भवनमा आइतबार पत्रकार सम्मेलनको आयोजना गरी २ करोड ७४ लाखको लागतमा निर्माण गरिएको नवनिर्मित भवनमा व्यापक आर्थिक अनियमितता भएको आरोप लगाए । क्याम्पस प्रमुख रायले वीरगंजको आदर्शनगरस्थित पानी टयांकी पछाडी क्याम्पसको ८ कठ्ठा क्षेत्रफलमा रहेको १० कोठे भवन सन्तोष निर्माण सेवाले २ करोड ७४ लाखमा निर्माण गरी भवन अधुरै छोडेर ठेक्का भन्दा बढी पैसा लिएर बेपत्ता भएको र यसबारेमा आफूले क्याम्पसको लेखा शाखासँग २०७४ सालदेखि ८० सालसम्मको अडिट रिपोर्ट मागेको बताए । उनले अडिट रिपोर्ट माग्दा लेखाका कर्मचारी विनोद यादवले अटेरी गरेको हुँदा संस्थाको हित विपरित हिडनेलाई निलम्वन गरी कारवाही गर्न आफू बाध्य भएको बताए । क्याम्पस प्रमुख रायले क्याम्पसको अडिट रिपोर्ट व्यक्तिले लिएर हिडन नमिल्ने बताउदै आइतबार नयाँ भवनमा कक्षा संचालनको लागि उपयुक्त छ छैन भनि देखाउन यहीँ स्थानमा पत्रकार सम्मेलनको आयोजना गरिएको बताए । उनले अवकाश प्राप्त क्याम्पस प्रमुख डा. भगवान यादवले बुझबुजार्थ नगरी उल्टै नक्कली क्याम्पस संचालक समिति खडा गरेर कांग्रेस नेता सुरेन्द्र चौधरी, अजय द्विवेदी, नक्कली व्यवस्थापन समितिका अध्यक्ष जोखनदास थारुलाई लिएर प्रधानमन्त्री कार्यालय, शिक्षा मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, त्रिविवि अनुदान आयोग लगायतका स्थानमा हार गुहार लगाउदै हिडेको बताउँदै डा.यादवले विगतमा गरेका गैर कानुनी कामलाई ढाकछोप गर्न पद छोडन नमानेको दाबी गरे । २०७६ सालमा सन्तोष निर्माण सेवाले ठेक्का सकारेर निर्माण गरेको भवनको आधा भन्दा बढी काम अधुरै रहेको भएपनि पूर्वक्याम्पस प्रमुख यादवले सम्बन्धित निर्माण कम्पनिलाई दुई वर्ष अघि नै सम्झौतामा उल्लेख सबै रकम भुक्तानी गरिसकेको भेटिएको बताउदै यसबारेमा क्याम्पसका लेखा प्रमुख विनोद यादवसँग सोध्दा उनलेपनि सबै रकम ठेकेदारलाई भुक्तानी गरिसकेको मौखिक जवाफ दिएको जानकारी दिए । प्रेमप्रकाश खेतान अध्यक्ष रहेको क्याम्पस सञ्चालक समितिको गत मंसिर ३० गते बसेको बैठकले यसअघिका क्याम्पस प्रमुख यादवलाई बर्खास्त गरेर पुष १ गतेदेखि निमित्त क्याम्पस प्रमुखमा रायलाई नियुक्त गरेको थियो । क्याम्पस प्रमुखको जिम्मेदवारी पाएपछि आँफुले नयाँ भवनमा कक्षा सञ्चालनका लागि आएर हेर्दा भवनको काम अधुरै रहेको देखेपछि भवन निर्माणबारे सोधीखोजी गर्दा भवन निर्माण बापतको पुरा रकम ठेकेदारलाई भुक्तानी गरिसकेको पत्ता लागेको रायले बताए । यसैबीच हरिखेतान क्याम्पसको अधुरो नवनिर्मित भवनमा अहिले स्थानीयले गाईगोठका रुपमा प्रयोग गरेको पाइएको छ । आइतबार बिहान भवनमा पुग्दा बरण्डा छेउको कोठामा गाई बाँधेर राखिएको छ भने बरण्डा परिसर गाईको गोबर र पिसाबले भरिएको पाइएको थियो । भवनका अन्य कोठाहरुमा बजारबाट संकलन गरिएका कबाड भण्डारण गरिएको अवस्थामा भेटिएको थियो ।

# आलमको मुद्दाको सुनुवाई सर्यो



फाईल फोटो

**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्वमन्त्री मोहम्मद अफताब आलमको मुद्दाको सुनुवाइ सरेको छ । आइतबारबाट हुने भनिएको सुनुवाइ न्यायाधीश अभावमा सरेको हो । जिल्ला अदालत रौतहटमा रहेका सात न्यायाधीशमध्ये तीनजना उच्च अदालतमा नियुक्त भएका, दुईजना बिदामा रहेको र गोला गर्दा रहेका दुवै न्यायाधीशको भागमा मुद्दा नपरेपछि सुनुवाइ सरेको जिल्ला अदालतका श्रेस्तेदार उद्धव ढोडारीले बताए । आलमको मुद्दाको सुनुवाइ अब माघ २० वा २१ गतेबाट हुने ढोडारीले बताए । सरकारी वकिल र आलमका वकिलबाट बहस नोट प्राप्त भइसकेकाले रौतहट जिल्ला अदालतले मुद्दामा अन्तिम सुनुवाइका लागि आइतबार पेसी तोकेको थियो । गत कात्तिक तेस्रो साता अदालतले मुद्दाको गाम्भीर्य र जटिलता विचार गरी सरकारी वकिल र आलमका वकिललाई १५ दिनभित्र बहस नोट पेस गर्न आदेश दिएको थियो । आलमलाई ०६४ चैत २७ मा भएको संविधानसभा निर्वाचनका क्रममा बम विस्फोट हुँदा घाइतेलाई इँटाभट्टामा जलाएर मारेको अभियोग लागेको छ । उनीमाथि विस्फोटक पदार्थ बमसमेतको प्रयोग गरी ज्यान मार्ने उद्योगसमेतमा मुद्दा चलिरहेको छ ।

# स्वर्णकार हत्यामा संलग्न थप दुई जना समातिए

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको कलैया स्थित बाल एकता बोर्डिङ स्कुलका प्रधानाध्यापक रुपेश स्वर्णकारको हत्या प्रकरणमा थप दुईजना पक्राउ परेका छन् । प्रहरीले रुपेशको हत्यामा संलग्न रहेको आशंकामा दुईजनालाई शनिबार पक्राउ गरेको हो । पक्राउ परेका मध्य एकजनाको नाम खुलेको छ भने अर्कोको नाम प्रहरीले गोप्य नै राखेको छ । पक्राउ परेका एकजना श्याम साह रहेको प्रहरीले जनाएको छ । अर्को एकजनाको भने अनुसन्धानकै क्रममा रहेकोले नाम उल्लेख गर्न नमिल्ने बारा प्रहरीले जनाएको छ । रुपेशलाई गोली प्रहार गर्ने सुटर सुजित कुमार सिंहलाई सूचना दिएको अनुसन्धानबाट खुलेपछि प्रहरीले थप अनुसन्धानका लागि दुईजनालाई पक्राउ गरेको बाराका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिए । श्यामले सुजित सिंहलाई सूचना दिएको पुष्टि भएको र अर्को एकजनाको विषयमा भने अनुसन्धान भईरहेको जनाएको छ । सुजितलाई रुपेशको हत्याका लागि सूचना दिएर सुराकी गरेको देखिएकोले उनीहरुलाई पक्राउ गरिएको प्रहरी उपरीक्षक काफ्लेले बताए ।

# प्राण प्रतिष्ठाको दिन घर घरमा दीपोत्सव मनाउन जनचेतना



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
माघ ८ गते अयोध्यामा रामललाको प्राण प्रतिष्ठा हुने भएकोले जनकपुरवासी निकै उत्साहित छन् । जानकी मन्दिरमा सवा लाख दीप प्रज्वलन गरिने छ भने जनकपुरधामका सबै मठ मन्दिरमा दीपोत्सवसँगै अष्टयामम र भण्डाराको आयोजना गरिने भएको छ । जानकी मन्दिरका महन्त श्रीराम तपेश्वरदास वैष्णव, जनकपुरधामका मेयर मनोजकुमार साह पनि आ–आफ्नो तहबाट जनकपुरवासीसँग निरन्तर सम्पर्कमा छन् । नेपाल हिन्दू स्वयंसेवक, विश्व हिन्दू परिषद्का कार्यकर्ता पनि दीपोत्सवका लागि घर–घर गएर सम्पर्क गरिरहेका छन् । महिला टोली पनि सक्रिय छन् । यसबाट बाल बालिकाहरु पनि निकै उत्साहित छन् ।

जनकपुरधामका रघुनाथ साहका नाति तेजस साहले शंख बजाउँदै सामाजिक सञ्जालमार्फत जनकपुरधामका जनतालाई माघ ८ मा घरमा कम्तीमा पाँच वटा दियो बाल्न आग्रह गरेका छन् । त्यसैगरी जनकपुरधाम बाहेक सिंगो मधेस प्रदेशका आम नागरिक पनि निकै उत्साहित छन् ।

# झारफुक गर्ने बहानामा बलात्कार आरोपमा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
झारफुक गर्ने बहानामा १३ वर्षीय नाबालिकालाई बलात्कार गरेको आरोपमा बाराबाट एकजनालाई प्रहरीले पक्राउ गरेको छ । बाराको महागढीमाई नगरपालिका वडा नम्बर २ बस्ने ३० वर्षीय आकाश मण्डललाई १३ बर्षिया बालिकालाई जबरजस्ती करणी गरेको आरोपमा पक्राउ गरिएको हो । जिल्ला प्रहरीमा परेको उजुरीको आधारमा मण्डललाई पक्राउ गरिएको बाराका प्रहरी प्रवक्ता एवम् डिएसपी दधिराम न्यौपानेले जानकारी दिए । मण्डल केही समयदेखि झारफुक गर्ने काम गर्दै आएकोमा बालिका उनी कहाँ झारफुक गराउन आएको बेला मण्डलले जबरजस्तीकरणी गरेको आरोप पिडितले लगाएकी छन् । पक्राउ परेका मण्डललाई प्रहरी हिरासतमा राखी थप अनुसन्धान अघि बढाइएको डिएसपी न्यौपानेले बताए ।






मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन